### देवकोटाको निधनप्रति दु:ख व्यक्त

वरिष्ठ न्युरोलोजिस्ट डा. उपेन्द्र देवकोटाको गत असार ४ गते भएको निधनप्रति नेकपा मालेले एक विज्ञप्ति प्रकाशित गरी गहिरो दु:ख व्यक्त गरेको छ । मालेका महासचिव सीपी मैनालीद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ- 'नेपालका प्रख्यात न्युरोलोजी विज्ञ डा.उपेन्द्र देवकोटाको २०७५ असार ४ गते साँझ ५.३५ बजे काठमाण्डौको न्युरो अस्पतालमा भएको असामयिक **बाँकी ८ पेजमा**

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक

### सहकार्यको निम्ति वार्ता प्रारम्भ


काठमाडौं । नेकपा (माले) र नेकपा (मसाल) का केन्द्रीय प्रतिनिधिहरुबीच बुधबार पार्टीका दस्तावेजहरु आदान-प्रदान गर्दै द्विपक्षीय सहकार्यका साझा विषयहरू खोज्न तथा सिद्धान्तनिष्ठताको आधारमा सांगठानिक एकताका संभावनाहरू समेत खोजी गर्ने सिलसिलामा वार्ता भएको छ । दुवै पार्टीहरुबीच राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका **बाँकी ८ पेजमा**

वर्ष ७ अंक १०, २०७५ साल असार ८ गते शुक्रबार, नेपाल संवत् ११३८ (June 22, 2018) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

# ओलीले चीनसँग रेल मागे तेल मागेनन्

काठमाडौं । नेपाललाई सधैं अविश्वासको नजरले हेर्ने चिनियाँ दृष्टिकोण बदलिएको प्रधानमन्त्री केपी ओलीको चीन भ्रमणले प्रस्ट्याएको छ । नेपाल चीनबीचको शंकालु कूटनीतिक सम्बन्ध अब 'फ्रेम' मा आएको छ । चुनावमा नेपाली मतदाताको मन जितेका ओली चिनियाँ सरकारको पनि मन जित्न सफल देखिएका छन् । ओलीको चीन भ्रमणका क्रममा नेपाललाई सहयोग गर्न चिनियाँ पक्षले जसरी खुला दिल देखाएको छ, त्यसले भारतवेष्ठित बनिरहेको नेपाल विश्व विरादरीमा पुग्न सक्ने सम्भावनाको ढोका खोलेको छ । नेपाली उद्योग व्यापारी र चिनियाँ समकक्षीले विभिन्न आठवटा परियोजनामा हस्ताक्षर गरेका छन् । नेपालमा उद्योग तथा जलविद्युत् क्षेत्रमा ठूलो मात्रामा चिनियाँ लगानी भित्रिँदैछ । यस्तो लगानी चिनियाँ राष्ट्रपति सी जिन पिङको 'ड्रिम' वेल्ट एन्ड रोड पहमलका दीर्घकालीन परियोजनासँग आबद्ध छ । नेपालले गत वर्ष गरेको वीआरआई सम्झौताले अब कार्यरुप लिनेछ । बीआरआईमा भारत असहमत रहमेका कारण नेपाल र भारतबीचको सम्बन्धमा थप जटिलता उत्पन्न हुन सक्ने विश्लेषण पनि कूटनीतिक वृत्तबाट हुन थालेको छ ।

प्रधानमन्त्री ओली र चिनियाँ राष्ट्रपति सी जिन पिङबीच बेइजिङमा भएको वार्ताले द्विपक्षीय साझेदारीका निम्ति दूरगामी आधारहरु खडा गरेको छ । चिनियाँ राष्ट्रपति सीले 'हामीले छिङहाङदेखि ल्हासासम्म बनाएको रेलमार्ग अहिले सिगात्से पुगेको छ । त्यो अझै अगाडि बढ्नेछ र मलाई विश्वास छ, त्यो चाँडै काठमाडौं पुग्ने छ' भन्दै सीमा वारपार रेल सञ्जालको नेपाली चाहनालाई वास्तविक रुपमा अनुमोन गरिदिएका छन् । प्रस्तावित केरुङ काठमाडौं रेलमार्गको पूर्व सम्भाव्यताको अध्ययन अगस्ट महिनामा सक्ने गरी तयार पारिएको समझदारी पत्रमा हस्ताक्षर भएको छ । पूर्व सम्भावता अध्ययन सकिनासाथ विस्तृत परियोजना प्रतिवेदन डीपीआर बनाइनेछ । करिब डेढ वर्षमा डीपीआर सक्ने र पाँच वर्षमा निर्माण कार्य पूरा गरिने भएकाले सात वर्षभित्र चिनियाँ रेलको नेपाली सपना पूरा हुनेछ । रेलमार्ग बनाउने मोडालिटीबारे छिट्टै निष्कर्ष निकालिँदैछ । चीनले अनुदानमा रेलमार्ग बनाइदिने



नेपालले आशा गरेको छ तर त्यसको एकिन भने भइसकेको छैन ।

गल्छी-रसुवागढी ४०० केभी प्रसारण लाइन निर्माणसम्बन्धी सहमति भएको छ। यसले नेपालको विद्युत् व्यापारसम्बन्धी कनेक्टिभिटीलाई चीनसँग जोड्नेछ । अहिलेसम्म नेपालको जलस्रोतमाथिको भारतीय एकाधिकार यससँगै समाप्त हुँदैछ । प्रधानमन्त्री ओलीको अघिल्लो कार्यकालमा भएको व्यापार तथा पारवहन सम्झौतालाई कार्यान्वयनमा ल्याउन दुई देशले बनाउनुपर्ने प्रोटोकलमा हस्ताक्षर भने हुन सकेन । यसले ओलीको चीन भ्रमणलाई अपुरो बनाएको छ । पारवहन सम्झौता दुई वर्षपछि पनि लागू हुन नसक्नुले तत्कालै भारतीय परनिर्भरता भने नहट्ने भएको छ । यदि यो सम्झौता लागू हुने हो भने नेपाल भूपरिवेष्ठितबाट भूजडित मुलुक बन्ने थियो । नेपालमा स्थिर सरकार नहुनु, पटक पटक सरकार परिवर्तन हुनु र भारतीय पक्षको चलखेलका कारण पारवहन सम्झौता लागू हुन नसकेको हो भन्ने निष्कर्ष निकाल्न सकिन्छ । चीनसँग ऐतिहासिक पारवहन सम्झौता गरेकै कारण नेपथ्यबाट भारतले विगतमा ओली सरकार ढालेको थियो ।

केरुङ-काठमाडौं रेल नेपालको मात्र सपना होइन, चिनियाँ सपना पनि हो । यो रेल चीनको रणनीतिको एउटा हिस्सा हो भने नेपालको आवश्यकता र बाध्यता हो । त्यसैगरी भारतको टाउको दुखाइको विषय हो । भारतभन्दा कयौं गुणा ठूलो बजार भएको र भारतभन्दा धनी चीनसँग रेलवे कनेक्सन नेपालका लागि अत्यन्त जरुरी विषय हो भलै तत्काल नाफा नदेखियोस् । भारतसँग मात्र भइरहेको नेपालको राष्ट्रिय स्वार्थको कनेक्टिभिटी चिनियाँ रेल सञ्जालले तोड्नेछ र नेपाली आन्तरिक अर्थतन्त्रको संरचनात्मक परिवर्तनको बाटो खोल्नेछ । चीनले रेल परियोजनाको परिकल्पना दक्षिण एसियासम्म आफ्नो बजार विस्तार गर्न तथा नेपालसँगको यातायात सञ्जालमार्फत भारतसँगका रणनीतिक सन्तुलनलाई आफ्नो पक्षमा पार्न गरेको हो । साझा हित र समुन्नति सहितको समुदायका रुपमा अरु देशसँग सहकार्य गर्ने कुरालाई चीनले पछिल्लो समयमा विदेश नीतिको मुख्य आधार बनाएको छ । बीआरआईमार्फत आफ्नो व्यापार विस्तार, सहकार्य गर्ने देशहरुमा पूर्वाधार विकासमा लगानी, देशबीच परस्पर अन्तनिर्भर बजार निर्माण र आफ्नो वर्चस्व विस्तार गर्ने चिनियाँ रणनीति रहेको छ । पाकिस्तान, श्रीलंका र माल्दिभ्समा चीनको प्रभावले तर्सिएको भारत नेपाललाई आफ्नो पकडबाट फुत्किन नदिने प्रयत्नमा भने रहनेछ । चीनको सामर्थ्यको तुलनामा कमजोर रहेको भारत अब दक्षिण एसियामा बढ्दो चिनियाँ लगानी र प्रभावलाई रोक्न सक्ने अवस्थामा छैन । चीनभन्दा पहिले रक्सौल, काठमाडौं रेललाइन विस्तार गर्ने र बूढीगण्डकी जस्ता रणनीतिक महत्वका परियोजना चीनको पोल्टामा नजाउन् भनेर चाल चल्ने प्रयास भारतले गरिरहेको छ । रेलमार्गले पछिल्लो चरणमा पोखरा र लुम्बिनी जोड्ने भएकाले यसको आर्थिक महत्व बढ्ने निश्चित छ । यसले देशभित्रका कनेक्टिभिटी बढ्नेछ । चिनियाँ र तिब्बतमा आउने विदेशी पर्यटकहरुलाई नेपालतर्फ आकर्षित गर्नेछ । रेलमार्फत स्थापित हुने **बाँकी ८ पेजमा**

## भारतलाई चिन्ता

काठमाडौं । चीनको बृहत परियोजना बेल्ट एन्ड रोडमा नेपाल जोडिएपछि नेपालको भौतिक एवं पूर्वाधार विकासमा लगानी गर्न चीन उत्सुक देखिएको छ । नेपालबाहेक दक्षिण एसियाली राष्ट्रहरुमा चीनले एकातिर आफ्नो बजार विस्तार गर्दैछ अर्कोतर्फ ती देशका समृद्धि र विकासमा सहयोग गरिरहेको छ । पाकिस्तान, श्रीलंका र माल्दिभ्समा चिनियाँ लगानी बढिरहेको छ । नेपाल र भुटानमा बाहेक अन्य दक्षिण एसियाली मुलुकहरुमा भारतीय प्रभाव शून्य स्थितिमा रहेको छ ।

भारत र पाकिस्तानबीचको सम्बन्ध कटुतापूर्ण रहँदै आएको छ । जब भारतले अमेरिकासँग परमाणु सम्झौता गऱ्यो अमेरिकी प्रभावमा रहेको पाकिस्तान चीनतर्फ झुक्न पुग्यो । चाइना पाकिस्तान इकोनोमिक कोरिडोर (सीपीइसी) परियोजनाअन्तर्गत रेलमार्ग निर्माणले तीव्रता पाएको छ । चीनले पाकिस्तानमा सन् २०२० सम्ममा पेसावरदेखि कराँचीसम्मको रेलमार्ग निर्माण सम्पन्न गर्न लागेको छ । चिनियाँ सहयोगमा पहिलो चरणमा निर्माण भइरहेको पहिलो चरणको सो परियोजनामा प्रतिघन्टा १ सय ६० किमीको गतिमा **बाँकी ८ पेजमा**

## देउवा नैतिक संकटमा

काठमाडौं । हेटौंडामा जारी नेपाली कांग्रेसको जिल्ला सभापतिहरुको भेलाले पार्टी सभापति शेरबहादुर देउवालाई महाधिवेशन बोलाउन तीव्र दबाब दिएको छ । निर्वाचन कांग्रेसको पराजयको जिम्मेवार नेतृत्वलाई लत्याउँदै १४ औं महाधिवेशनमार्फत नेतृत्व परिवर्तन आवश्यक रहेकोमा बहुसंख्यक सभापतिहरुले जोड दिएका छन् । गगन थापासहितका काठ केन्द्रीय सदस्यले ७७ जिल्लाका सभापतिहरुलाई ११ वैशाखमा केन्द्रीय समितिमा बुझाएको ५१ पृष्ठको पार्टी सुधारको खाकामा ३ पृष्ठ थपेर जिल्ला सभापतिहरुको हातमा थमाएका छन् ।

भेलामार्फत पार्टीको आन्तरिक एकताको सन्देश दिने तयारी पार्टी नेतृत्वले गरेको भए पनि भेलामा जिल्ला सभापतिहरु नै गुअनुसार विभाजित भएका छन् । गुटअनुसार नेतृत्वको बचाउ र घोचपेच बन्द सत्रमा केन्द्रित देखिएको छ । देउवा पक्षका सभापतिहरुले संस्थापनको बचाउ **बाँकी ८ पेजमा**

## मैत्रीपूर्ण दौड प्रतियोगिता

काठमाडौं । चीनका प्रधानमन्त्री ली खछ्याङको मैत्रीपूर्ण निमन्त्रणामा छदिने चीन भ्रमणमा रहनुभएका प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल-चीन मैत्रीपूर्ण दौड प्रतियोगिताको आज उद्घाटन गरेका छन् ।

नेपालको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले बेइजिङ युनिभर्सिटी अफ स्पोर्टमा आयोजना गरिएको प्रतियोगिताको उद्घाटन कार्यक्रममा भ्रमण टोलीमा रहेका मन्त्रीहरु र चीनका राष्ट्रिय प्रशासन सहायकमन्त्री जाओ झिदानसहित चीनका लागि नेपाली राजदूत र नेपालका लागि चिनियाँ राजदूतको सहभागिता थियो । **बाँकी ८ पेजमा**

## विश्वकप फुटबल र नेपाली दर्शक

मस्कोमा फिफा वर्ल्डकप चलिरहेको छ । ३२ राष्ट्र वर्ल्डकपमा सहभागी छन् । वर्ल्डकपलाई फुटबलको विश्व महायुद्धको रुपमा लिइन्छ । खेल उद्घाटन सम्बोधनमा रुसी राष्ट्रपति पुटिनले धरतीको सबैभन्दा ठूलो खेल त्यसै भनेका होइनन् । फुटबल खेलको सुरुवात भने १६ औं शताब्दीतिर भएको अनुमान गरिन्छ । तर त्यसबेला अहिलेको जस्तो फुटबल आविष्कार भएको थिएन । त्यतिबेला राज्य विस्तारका लागि युद्ध हुन्थ्यो । रोमनहरु युद्धमा निकै पारखी थिए । रोमन राज्य विस्तारको क्रममा हरुवा सैनिकहरुका टाउका गिँडिन्थे । रोमन सैनिकहरुले ती काटिएका टाउकाहरुलाई लात्तले हान्दै सुखानुभूति लिन्थे । फुटबल खेलको जन्म मान्छेकै टाउका लात्तले हिर्काउने क्रमबाट भएको हो भन्ने विश्वास गरिन्छ ।

रोमन साम्राज्यबाट सुरु भएको मानव टाउको लात्ते भकुन्डो पछि इंग्ल्यान्डमा फुटबलका रुपमा उदायो । जब सन्



१९३० मा स्वीटजरल्यान्डको जुरिचमा विश्व फुटबल महासंघको गठन भयो, त्यही समयदेखि फुटबलको अन्तरर्ाष्ट्रिय खेल आरम्भ भएको हो । अहिले विश्वकप फुटबल विश्वकै सबैभन्दा रोमाञ्चक खेल बनेको छ । यसले विश्व अर्थतन्त्रलाई समेत प्रभावित गर्ने गर्छ । विश्वकप अत्यन्त महँगो खेल पनि हो । विश्वकप आयोजक राष्ट्र रुसले ११.८ मिलियन डलर खर्च गरेबाटै यसको महँगाई प्रस्ट हुन्छ । सन् १९२२ को फिफा वर्ल्डकप कतारमा हुँदैछ । नेपाली कामदारहरु कतारमा फुटबल स्टेडियम बनाउन हजारौंको संख्यामा कतार लगिँदैछ । स्टेडियम निर्माणका क्रममा हरेक दिन ३ देखि ४ नेपाली मरिरहेका छन् । नेपाली कामदारको कफिन दिनहुँ अन्तर्राष्ट्रिय त्रिभुवन विमानस्थलमा आइरहेका छन् ।

समूह चरण खेलबाटै कुन कुन टिम घर फर्किने हुन् त्यसको एकिन भइसकेको छैन । कुन कुन टिम सेमिफाइनलमा पुग्ने हुन् ? क कसका बीच फाइनल हुने हो भन्ने जिज्ञासा मेटाउन अझै तीन साता कुर्नुपर्ने छ । यसपटकको विश्वकपमा **बाँकी ८ पेजमा**

## हिले वर्षाको आतंक

काठमाडौं । असार महिनासँगै नेपालमा सुरु भएको वर्षा हिलाम्मे देखिएको छ । यता मौसम विज्ञान विभाग काठमाडौंले यस किसिमको पानी पश्चिम वायुको प्रभावका कारण भएको जनाएको छ । विभागले केही दिनयता भारतको राजधानी नयाँदिल्लीसहित राजस्थान, पश्चिम

बंगाल, पञ्जाव, उत्तरप्रदेश क्षेत्रमा हुरीसहितको बतास चलिरहेको कारण

भएको धुलोसहितको बतासले त्यहाँको जनजीवन प्रभावित पारेसङ्गै आकाशमा धुलो जम्मा भएका कारण पश्चिम नेपाल तथा मध्य नेपालका केही भागमा पानी पर्दा धमिलो पानी परेको जनाएको छ ।



भारतीय आकाशमा परेको प्रभावले गर्दा नेपाली सीमा क्षेत्र नजिकको ठाउँहरुमा हिलो पानी परेको मौसम विभागले जनाएको छ । हिले वर्षामा विशेष गरी हुरी बतासको कारण मरुभूमीबाट उठ्ने धुलो हुने गरेको जस्लाई माइक्रोस्कोपको सहयोग विना नै देख्न सकिने **बाँकी ८ पेजमा**

**सन्दर्भ : योग दिवस**

## योगको विकासक्रम र महिमा

काठमाडौं । हिजो अन्तर्राष्ट्रिय योग दिवस । संयुक्त राष्ट्रसंघले यस दिनलाई योग दिवसका रूपमा घोषणा गरेपछि विविध कार्यक्रम गरेर मनाइँदै आएको छ । योग भारत वर्षमा हजारौं वर्षदेखि जीवनशैलीको अभिन्न हिस्सा बनेर रहेको पाइन्छ । जुन अहिले विश्वभर फैलने क्रममा छ ।

योगले प्राकृतिक तरिकाले जीवन व्यतीत गर्न सहयोग गर्छ । आज संसारभर लोकप्रिय भएको योग शब्द कर्मयोग, ज्ञानयोग, ध्यानयोग, भक्तियोग आदि अनेक रूपमा हिन्दू, बौद्ध एवं जैन संस्कृतिमा व्यवहार भइरहेको शब्द हो । योगको सोझो अर्थ हो- जोड्नु ।

योगको क्रियाले पनि मानवीय चेतनालाई यसका अनेक आयामसँग सम्बन्धित गर्नसक्छ । शारीरिक एवं मानसिक स्वास्थ्य, ज्ञान, त्याग, वैराग्य आदि अनेकौं पक्षसँग यसको सम्बन्ध हुन्छ । यी सबैको केन्द्रमा गरिने सम्बन्धनलाई नै योगका रूपमा बुझिन्छ । वास्तवमा योगको उद्देश्य भनौं वा अर्थ जीवात्मालाई परमात्मासँग जोड्नसक्ने बनाउनु हो । यसरी



जीवात्मा र परमात्मालाई जोड्ने क्रिया नै वास्तविक अर्थमा योग हो ।

योगका आदिगुरु भगवान् शिवलाई मानिन्छ । योगका छरिएर रहेका आयामहरूलाई संकलित गरी प्रस्तुत गर्ने महर्षि पतञ्जलिले 'योगसूत्र' भन्ने पुस्तकमा भनेका छन् : योगश्चित्तवृत्ति निरोधः । अर्थात् चित्त वृत्तिको निरोध नै योग हो । यसबाट के बुझिन्छ भने योगको उद्देश्य चित्त वृत्तिहरूको निरोध हो । अर्थात् चित्त र वृत्तिलाई ठीक बाटोमा डोऱ्याउनु नै योग हो ।

यौगिक क्रियाको सर्वप्रथम वैज्ञानिक व्याख्या गर्ने व्यक्ति पतञ्जली हुन् । उनको ग्रन्थ 'योगसूत्र' अहिले संसारका सबैजसो भाषामा अनुवाद भइसकेको छ । यस ग्रन्थको पहिलो व्याख्या व्यास र वाचस्पति मिश्रबाट भयो भने पछि धेरैले यसको व्याख्या गरे । जैन गुरु हेमचन्द्रले यसलाई जैन धर्मको ध्यानविधिमा प्रयोगमा ल्याए । अरु संस्कृतिको कुनै पनि कुरा स्वीकार नगर्ने यहुदी समुदायले **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली
सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# प्रशासन सुधारमा अवरोध नगरौं

निजमती सेवामा सुधारका संकेतहरू देखिएका छन् । खासगरी २०४६ सालपछि चरम राजनीतिकरण गरिएका कारण कर्मचारीतन्त्र विकृति, विसंगतिको आहालमा चुर्लुम्म डुब्दै आएको छ । दलैपिच्छे खोलिएका कर्मचारी युनियनका कारण कर्मचारीभित्र अराजकता बढ्न थाल्यो । युनियनका नेताहरूले सरकारलाई हेर्न छोडे । दलीय आस्थाका आधारमा गरिने सरुवा, बढुवाका अवसरहरूले इमानदार कर्मचारीहरू पीडित बन्ने गरेका थिए । मन्त्रीदेखि सचिवसम्मलाई कर्मचारीले टेर्न छाडेपछि निजामती प्रशासनलाई सुधार गर्नुपर्ने खाँचो महसुस गर्न थालियो । कर्मचारीहरूले आस्थाका आधारमा दलैपिच्छे खोलेका भ्रातृ संगठन जस्ता कर्मचारी संगठनहरूलाई खारेज गर्नुपर्छ भन्ने आवाज बलियो बन्न थालेपछि अहिले त्यसै अनुसारको कानुन मस्यौदा गर्न सरकार लागिरहेको छ ।

सरकारले ल्याउन लागेको संघीय निजामती सेवा ऐन २०७५ मा दलैपिच्छे कर्मचारी संगठन खोल्न पाउने प्रावधान खारेज गरेको छ । ऐन लागू भएपछि विभिन्न खल निकटका ६ वटा कर्मचारी संगठनहरू खारेज हुनेछन् भने कर्मचारीहरूको पेसागत हकहितका लागि एउटा मात्र ट्रेड युनियन राखिनेछ । तर कर्मचारी नेताहरू अहिले पनि दलैपिच्छेका पूर्ववत ट्रेड युनियनहरू नयाँ ऐनमा समेत कायम हुनुपर्ने र खारेज भएमा आन्दोलन गर्नेसम्मका धम्की दिइरहेका छन् । कर्मचारी युनियनहरूले स्थायी सम्पत्तिका रूपमा कार्यालय भवनहरू समेत जोडेका छन् । नयाँ ऐन लागू भएसँगै ती राष्ट्रियकरण हुने छन् ।

निजामती कर्मचारी संगठनका नेताहरूलाई कामै नगरी तलब खाने सुविधा सरकारले दिँदै आएको थियो । एउटा संगठनका ५ जना पदाधिकारीलाई यस्तो सुविधा प्राप्त थियो । अहिले नेताको सहुलियतका कामबिनै बसेका कर्मचारीहरूको काज फिर्ता गरी आआफ्नो दरबन्दी भएको ठाउँमा पठाउन थालिएको छ । सामान्य प्रशासन मन्त्री लालबाबु पण्डितले कर्मचारीभित्रका विकृति विसंगति सुधार्न निकै प्रयास गरिरहेका छन् । मन्त्री पण्डितले अघिल्लो कार्यकालमा विभिन्न देशको ग्रीन कार्ड लिने कर्मचारीहरूलाई जागिर छोड्न बाध्य पारेका थिए । अहिले मन्त्री पण्डितले उच्च तहका प्रशासकहरूको अवकाशपछि आइएनजिओहरूमा जाने प्रवृत्तिलाई निरूत्साही बनाउन अवकाशपछि दुई वर्षसम्म अन्त जागिर खान जान नपाउने कानुन बनाउने भनिरहेका छन् । खासगरी राष्ट्रका गोपनीयताहरू उच्च तहका कर्मचारीहरूबाट चुहावट हुने गरेकोप्रति मन्त्री पण्डितले आपत्ति जनाउँदै लगाम लगाउने प्रयास थालेका छन् ।

निजामती कर्मचारी प्रशासन स्वच्छ, इमानदार र पारदर्शी हुन आवश्यक छ । जनताका सानातिना कामदेखि विकास निर्माणका ठूला आयोजनाहरूसम्म हाँक्ने कर्मचारी इमानदार भएनन् भने राष्ट्र र जनताले गम्भीर दुःख झेल्नुपर्छ । कर्मचारीतन्त्र र राजनीतितन्त्र इमानदार नभएकै कारण हाम्रो देश विश्वकै गरिब बन्न पुग्यो । अब पनि नसुध्रने र सुधारको प्रयासमा तगारो हाल्न खोजियो भने त्यो अत्यन्तै प्रत्युत्पादक बन्नेछ ।

निजामती कर्मचारी प्रशासन मुलुकको स्थायी सरकार हो । राजनीतिक नेतृत्वको सरकार बदलिरहे पनि कर्मचारीतन्त्र बदलिँदैन । त्यसैले सरकार टोपी र कर्मचारीतन्त्र टाउकाको स्थानमा रहेका छन् । टाउको राम्रो भएको खण्डमा शरीरका सम्पूर्ण अवयव राम्ररी सञ्चालन हुन्छन् । कर्मचारीतन्त्र इमानदार भएको खण्डमा मुलुकले विकासमा फड्को मार्न समय लाग्दैन । त्यसैले निजामती प्रशासनमा सुधारको गम्भीर खाँचो छ, यसमा सबैको सहयोग रहनुपर्छ ।

# उन्नत नेपाल चीन सम्बन्धको विकल्प छैन



**सुरेन्द्र ढकाल**
**पोलिटब्युरो सदस्य**
**(नेकपा माले)**

मल्लकालमा नेपालको भोटसँगको ब्यापार निकै चम्किएको कारण त्यतिखेरको काठमाडौंको उपत्यकाको विकासले युरोपको विकासलाई समेत उछिनेको कुरा केपुचिन पादरीहरुको यात्रा वृतान्त तिब्बत र नेपालमा इटालियन धर्मप्रचारकहरु भन्ने पुस्तकमा राम्रोसँग उल्लेख गरिएको छ। नेपालको त्यत्रो आर्थिक विकास हुनुको पछाडि नेपाल तिब्बत ब्यपार नै थियो । दुई देशबीचको ब्यापार यति बढेको थियो कि तिब्बतमा नेपाली मुद्रा चल्दथ्यो। त्यही नेपाली सिक्का खिइँदै गएको कारण नेपालले पुरानो सिक्काको सट्टा नयाँ सिक्का तिब्बतमा पठाउने विषयमा उठेको विवाद बढ्दै गई त्यसैको कारण पहिलो नेपाल तिब्बत युद्ध बहादुर शाहको पालामा भएको थियो।

तिब्बतसँगको युद्ध भनिए तापनि नेपाली सेनाले चिनिया फौजसँग लडाइँ लड्नु परेको थियो। किनकी चीनको दुई ग्यारिसन सेना प्राचीनकालदेखि नै तिब्बतको ल्हासामा बस्ने गर्दथे । चीन सरकारले जसलाई दलाई लामा मान्यो त्यही दलाई लामा हुने गर्दथ्यो। बेलायतीहरुले छापेको Map of the Dominion of the House of Gorkha हेर्ने हो भने त्यतिखेरको नेपालको उत्तरी सीमा हुङ चिनिया साम्राज्यसँग देखिन्छ । त्यहाँ तिब्बत भन्ने कुनै देश देखिँदैन।

यस परिप्रेक्ष्यमा नेपाल चीन सम्बन्धको आधारशीला खोज्ने हो भने लिच्छवीकालीन राजा अंशु बर्मासम्म पुग्दछ जसले आफ्नी छोरी भृकुटीको विवाह तिब्बती राजासँग गरिदिएको इतिहासले बताउँछ । तर पछि तिब्बतले आफ्नो स्वतन्त्रता कायम गर्न नसक्दा, धर्मको विषय आउँदा तिब्बत, मंचुरिया र मंगोलियामा दलाई लामा प्रमुख हुने तर राज्य संचालनको विषय आउँदा चिनिया सम्राटको अधिनमा तिब्बत रहने परम्परा भएकै कारण नेपालको दरबारले उपहार पठाउँदा पनि चिनिया सम्राटलाई पठाउने परम्परा बसेको थियो । यस्तो सौहाद्रपूर्ण सम्बन्ध भारतका राजा रजौटासँग नेपालको कहिले पनि भएन। त्यसको कारण यो पनि हो कि सन् १९४७ अघि भारत भन्ने कुनै देश नै थिएन । माथि भनिएको ग्रेटर नेपालको नक्सा हेर्ने हो भने नेपालको पश्चिमी सीमा त्यतिखेर सिख साम्राज्यसँग, दक्षिणी सीमा अवधसँग र दक्षिण पूर्वी सीमा बंगालसँग रहेको पाइन्छ।



नेपाल एकिकरण गर्ने दौरानमा मकवानपुरलाई नेपालभित्र गाभ्न खोज्दा मकवानपुरी सेन राजाले बंगालको नवाव मीर कासीमसँग सैन्य सहयोग मागेको कारण नेपाल बंगालको युद्ध हुनु पुगेको थियो । बंगाली सेना मकवानपुर गढीसम्म आइपुगेको अवस्थामा गोर्खाली सेनाले यिनीहरुलाई परास्त गरी यिनीहरुका हतियार लुटेका थिए । यस लडाइँमा बंगालको हार भएको कारण मकवानपुर नेपालभित्र गाभिएको थियो । यसो भन्नुको अर्थ यो हो कि नेपालको चीनसँगको सम्बन्ध जति प्राचीन र सौहाद्रपूर्ण थियो भारतका राजा रजौटाहरुसँग थिएन।


तिब्बतमा चलेको नेपाली सिक्काको विवादको कारण बहादुर शाहको पालामा भएको नेपाल चीन युद्ध सन् १७९२ मा भएको बेत्रावती सन्धिपश्चात टुंगिएको थियो । तत्पश्चात नेपाल चीन सम्बन्धमा कुनै पनि अप्ठेराहरु परेनन् । तर पछि नेपालमा जंगबहादुरको उदय भएपछि उनको भारतमा रहेका अंग्रेजहसँग राम्रो सम्बन्ध भएको कारण उनले चीनसँगको मित्रतालाई त्यति महत्व दिएनन् । चीनमा मंचु वंश कमजोर भएको फाइदा उठाई जंगबहादुरले तिब्बतमा आक्रमण गरी ल्हासा लुटे । सन् १८५६ मा भएको नेपाल चीनबीचको थापाथली सन्धिपश्चात तिब्बत नेपाल ब्यापार पुरानै स्थितिमा फर्कियो । नेपाली ब्यापारीहरुले तिब्बतमा विना रोकटोक आवतजावत र ब्यापार गर्न पाउने भएको कारण नेपाल चीनबीच जनस्तरमा समेत ज्यादै राम्रो सम्बन्धको विकास हुन पुगेको थियो । यसरी चलिरहेको नेपाल तिब्बत ब्यापारलाई प्रधानमन्त्री चन्द्रशम्शेरले अंग्रेजलाई रिझाउने नाममा सन् १९०३ को डिसेम्बरमा अंग्रेजी अर्धसैनिक ब्यापारी प्रतिनिधिमण्डल योग हस्वेण्ड मिसनलाई सिक्किमको नाथुला भन्ज्याङबाट तिब्बत प्रवेश गर्न दिएपछि अंग्रेज तिब्बत ब्यापार सुरु हुन गई नेपाल तिब्बतको परम्परागत ब्यापार सदाको लागि अन्त्य भएको थियो। यसरी टुटेको नेपाल चीन सम्बन्धलाई भर्खरै राजा बनेका महेन्द्रले सन् १९५५ को अगष्टमा दौत्य सम्बन्ध कायम गरी पुनर्जीवन दिएका थिए भने उनकै अगुवाइमा कोदारी राजमार्ग खुल्न गई नेपाल चीनबीच स्थलमार्ग जोडी टुटेको नेपाल तिब्बत ब्यापारले पनि पुनर्जीवन पाएको थियो । दौत्य सम्बन्ध स्थापनापश्चात चीन नेपालको अप्ठेरो पर्दाको अशल मित्र बनेको विगतको इतिहासले प्रमाणित गरेको छ।

नेपाल चीनबीच कुनै सीमा खिचलो छैन। नेपाली पक्षको प्राविधिक त्रुटीको कारण दोलखाको लामाबगर क्षेत्रका केही नेपाली भूमि चीनभित्र पर्न गएका छन्। नेपालको यातायात, संचार, उद्योग, स्वास्थ्य क्षेत्रमा चीनको अपार निस्वार्थ सहयोग रहेको छ। चीनकै समर्थनको कारण भारतले राजाद्वारा नेतृत्व गरिएको पंचायत ब्यवस्थालाई मान्नु परेको थियो भने चीनकै सहयोगको कारण भारतले लगाएको हरेक आर्थिक नाकाबन्दीलाई नेपालले चुनौती दिई असफल बनाइदिएको छ। अहिले नेपालले विआरआइमा हस्ताक्षर गरिसकेको अवस्था छ र सो अनुरुप नेपाल चीनबीच धेरै नाकाहरु खुल्ने क्रम जारी छ र विआरआइमा नेपाल जोडिन पुग्दा नेपालले चीनको भूभाग प्रयोग गरी केन्द्रीय एसिया र पूर्वी युरोपसम्म स्थलमार्गबाट आयात निर्यात ब्यापार गर्ने अवसर सिर्जना भई भारतप्रतिको परनिर्भरताको अन्त्य हुने दिन आउन अब धेरै कुर्नु नपर्ने भएको छ।

चीनले आर्थिक र सामरिक रुपमा गरेको प्रगतिबाट आत्तियर अमेरिका चीनसँग ब्यापारिक र सामरिक युद्ध गर्न उद्दत छ भन्ने कुरा चीनको वस्तुमा अमेरिकाले गैरकानुनी किसिमबाट लगाएको भन्सार दरबाट पनि बुझ्न सकिन्छ भने अब भारतलाई आणविक शस्त्रअस्त्रले सुज्जित पार्ने अनि उत्तर कोरियालाई आफ्नो पक्षमा पारी उसको परमाणिक शक्ति नष्ट गर्दै चीनलाई एक्लाउने रणनीतिमा अमेरिका लागि परेको छ। स्वतन्त्र तिब्बतको नाममा अमेरिकाले जुनरुपमा नेपालमा रहेका तिब्बती शरणार्थीहरुलाई सहयोग गरिरहेको छ र नेपाली माटोलाई चीन विरुद्ध प्रयोग गर्न उक्साइरहेको छ । त्यस परिप्रेक्ष्यमा चीन नेपालबाट साँच्चिकै एक चीन नीति अख्तियार गरेको देख्न चाहन्छ । यसका लागि नेपाल सरकारले नेपालमा रहेका तिब्बतीहरुलाई कि त तिब्बत कि त भारतको धर्मशाला कि त भुटानी शरणार्थीलाई जस्तै अमेरिका, क्यानडातर्फ पठाउनेतर्फ चीनसँग सहकार्य गर्नु अति जरुरी भइसकेको छ । अन्यथा चीनले नेपाललाई सजिलै पत्याउने पनि छैन।

दक्षिण एसियाको मामलामा चीन चुप लागेर बस्दा भारतले सन् ७० को दशकमा पाकिस्तानलाई विखण्डन गरी बंगलादेश बनाएको र सिक्किमको स्वतन्त्रतालाई निलेको उदाहरण राष्ट्रवादी नेपालीहरुले बिर्सन हुँदैन । यस अर्थमा पनि नेपाल चीन सम्बन्धले ठूलो महत्व राख्दछ । नेपाललाई कहिले विकसित देख्न नचाहने भारत र नेपाललाई सकेसम्म चाँडो समृद्ध बनाउनुपर्छ भन्ने चीनलाई नेपालको सरकार र जनताले राम्ररी चिन्न सकेन भने यो नेपाली स्वतन्त्रता र आत्मनिर्भरताको लागि खतराको घण्टी बन्न बेर हुँदैन । तसर्थ स्वाभीमान, आत्मनिर्भर र विकसित नेपालको सपनालाई यथार्थमा परिणत गर्ने हो भने उन्नत नेपाल चीन सम्बन्धको विकल्प छैन।

# शिक्षा महारथीहरूका केही जोखिम कामहरू



**जगदीश लामिछाने**
रौतहट, पौराई

छिटो कुद्ने रेल जापान चीनले बनाए। भारतलाई पछि पारे। अमेरिका र रुसले तँछाड मछाड गरेर अन्तरिक्षमा यानहरु पठाए । अणु र परमाणुका बम मात्र होइन, अणुबाटै बिजुली पनि बाले । सबैभन्दा राम्रो कार्य स्वास्थ्य विज्ञानमा गरे। यसैबाट मान्छेको आयु ह्वात्तै बढेको छ। यसैका लागि नयाँ विचारका मान्छेहरुले डाक्टरी शिक्षा दातालाई र पुराना मान्यता राख्नेहरुले आयुर्वेद शिक्षादातालाई धन्यवाद दिने नै भए। वास्तविक मेहनत दुवैतर्फको हो। यसै कारण त विश्वको जनसंख्या ह्वात्तै बढेको छ। प्रत्येक मान्छेले मर्नु त पर्छ तर मर्ने काम ढिलो भएको छ। धेरैजसो रोगको उपचार भइसकेको छ।

अर्कातिर पृथ्वीको तापक्रम धेरै बढेको छ। हिमालय तथा उत्तरी दक्षिणी ध्रुवमा हिउँहरु पग्लेका छन् । विश्वमै वनजंगल र जंगली प्राणीहरु सकिँदै गएका छन् । विकसित विश्वले चिसो तातो मिलाउँदा मिलाउँदै र औद्योगिक प्रदुषण अविकसित देशमा निर्यात गरे पनि प्रकृति र मानवको संघर्ष डरलाग्दो किसिमले बढ्दै छ । यतातिर शिक्षा मार्गीहरुको ध्यान जानैपर्छ।

### शतायु अग्रसरता

विश्वका शतायु अग्रसरता अर्थात् ७५ वर्षमाथिका मानव मात्रको संख्या पहिले थोरै थियो अहिले छ्यासछ्यास्ती भएकाले हो कि किन हो अब त स्वार्थी परिवार सुखी परिवार भन्न लागिएको छ । बूढाबूढीहरु कि एक्ला एक्लै कि वृद्धाश्रममा पुर्‍याउँदा मान्छे सन्तोष मान्ने भइसकेको छ । आफैं बूढो हुने बिर्सिसकेको छ । अब बूढाबूढीले अन्यायीबाट दुःख पाए आफ्नै दोष हुन लागेको छ । तैपनि मान्छे आफ्नो स्वार्थीपनाले आफ्नो नै काम गर्ने कवि कलाकारको र उस्तै उस्तैको प्रशंसा गर्न चाहिँ भ्याउँछ । गीताका सिद्धान्तअनुसार ठाउँ, कर्ता, साधनहरु ती प्रयोग गर्दाका मनस्थिति र संयोग (दैव) जस्ता ५ विषय नभई युवायुवती सक्षम नै भएनन् अथवा तयार भइनन् भन्ने कुरा अहिले युवायुवतीले सम्झँदा हुन् त संसारमा अन्यायको छैलोखेलो हुने नै थिएन। यस्ता स्वार्थी उम्मेरदार धेरै हुने नै थिएनन्। प्राचीन शिक्षामा आधारभूत अर्थात् जीवनलाई अनिवार्य सैद्धान्तिक विषयहरु माध्यमिक शिक्षामै समेटिएको हुन्थ्यो। अहिले कटौती गर्दा गर्दा जीवनोपयोगी आधारभूत शिक्षा माध्यमिकबाट हटाउँदै लगिएको भएर हो कि ? अहिले भए पनि समावेश गरौं आधार भूत शिक्षा बहुपयोगी र मनोवैज्ञानिकता पूर्ण बनाऔं।

### नारी जागरण

पहिले पूर्वीय समाजमा गार्गी मैत्रेयी आदि शिक्षित त थिए नै जयन्ती मंगला आदि नाममा उनीहरुको गुण पनि गाइयो । पछिबाट यी नारीलाई राजनीतिज्ञहरुले भद्रकाली अर्थात् कहिले सज्जन र कहिले रिसाउँछन् भन्न लागे । पश्चिमी जगतले चाहिँ छाडा बनायो मुस्लिम समाजले पछिबाटै हो अति नियन्त्रणमा राख्यो र अझै राख्दै छ। जहिले जुन वस्तु बढी पेलाइमा पर्छ त्यसले आफू मुक्त हुन खोज्ने वैज्ञानिक सिद्धान्तअनुसारै पनि पश्चिमबाटै नारी जागरण सुरु भयो। तर नारीले आफ्नो कोमलता, दया र सन्तानोत्पादनको अधिकार चाहिँ छोड्न चाहेनन् तैपनि नारीलाई उनको क्षमतामा हुर्कन नदिएर अर्थात् युवती भएपछि कसैको आश्रित हुने अधिकार नदिने अथवा आश्रितैबाट प्रताडित गरिने तर्फ नारी जगतले पनि प्रतिकार गर्नु कर्तव्य नै देख्यो । नारी र पुरुषको प्राकृतिकताभन्दा भिन्दै विज्ञापनमय बनाउने पश्चिमी समाज र सुन्दरताको अतिरञ्जित गर्ने पूर्वीय साहित्यकारहरुको विरोधमा नारी आफैं अहिले विक्षिप्त जस्तै भएकी छन् । नारीले वेद पढ्नै सुन्ने हुन्न भन्नेहरुलाई पनि जवाफ दिएर माइती र घरको दुवै थर लेख्न लागेकी छन्। यो समस्याको समाधान केवल नारीलाई अहिले जस्तो विक्षिप्त छाडा र विज्ञापनमय बनाएर हुन्छ ? यो जवाफ पनि शिक्षा महारथीहरुले नदिए कसले दिन्छ ? शिक्षामा नैतिकता आवश्यक सुधार नगर्ने हो भने तथा शिक्षितहरुको 'यथा वाचस्तथा कृया' नबनाउने हो भने अहिले नारीहरुले जसरी धेरै पश्चिमी जगतमा बच्चा जन्मेदेखि सक्षम नहुन्जेल प्रत्येक पटक सरकारलाई पाल्न लगाई आफू पनि पालिएझैं पालिइरहनेछन् । जन्मेको बच्चाले पनि मातृ स्नेह नपाई अथवा थोरै पाएर संसारभर अर्घेलो गरिरहनेछन् । अन्यत्र विश्वमा पनि यही हावा महामारीझैं अहिले जस्तो फैलिएर यसै पत्रिकामा हरफकर्ताको २०७५ जेठ १८ मा प्रकाशित 'प्रसंग नारीको हित सबैको (३)' बमोजिम एज, ब्युटी, क्यारेक्टर, डिसिप्लेन, एजुकेशन र फाइनान्स दुवैतर्फको जाँचीबुझी नारी पुरुषको सम्बन्ध हुन दिइने छैन र युगयुगका सन्तानले समेत दुःख पाइरहने छन्। के छ विचार वर्तमान शिक्षा महारथीहरुको ?

*(यो लगातार १९४ औं स्तम्भ लेख हो)*

## स्टालिन र माओको जीवनमा दृष्टि नपुगेका केही दूरगामी सवालहरू

**मनसुन**

# जोसेफ स्टालिन–६

स्टालिन कालमा भनौं सन् १९१८ मा भर्खर बामेसर्न लागेको सोभियत समाजवादलाई खरानी पार्ने उद्देश्य लिई १४ वटा साम्राज्यवादी शक्तिहरूले रूसमाथि चारैतिरबाट आक्रमण गरे। दशौं लाख रूसी लालसेना र क्रान्तिकारी जनताले जीवन उत्सर्ग गरेपछि मात्र ती युद्धका रचयिताहरू थाके र आफ्नै देशतिर फर्के । यसरी दशौं लाख निर्दोष रूसी जनता मार्ने अमेरिका, ब्रिटेन, फ्रान्स, जर्मनी, जापानका शासकहरू हत्यारा हुन् । त्यति मात्र होइन, उनीहरूले आफ्ना मुलुकका निर्दोष मजदुर, किसान र तल्लो तहका सेनालाई पनि रूसी जनतासँग लडाएर मारे। यसरी सोभियत रूसका शत्रुहरू ती लाखौंजनताका हत्यारा हुन्।

दोस्रो महायुद्धमा हिटलर, मुसोलिनीजस्ता नरसंहारकारीलाई रूसमाथि आक्रमण गर्न अमेरिका, ब्रिटेन, फ्रान्स आदिले मौन समर्थन गरे । भनाइको तात्पर्य ती राष्ट्रहरूले जर्मनीमा फलाम, कोइला, इस्पातका उद्योगहरू, घातक हतियार कारखाना र बैङ्कहरूसमेत स्थापना गरे। पछि तिनै कुरा हिटलरले राम्ररी उपयोग गरे। यो युद्धमा स्टालिनले सोभियत भूमिको सुरक्षाका लागि आवश्यक तयारी गरे। करोडौं सोभियत क्रान्तिकारी जनता र लालसेनाहरूले बलिदान दिएपछि मात्र ती जङ्गली लुटेराहरूको हर बस्यो ।उक्त युद्धमा दुई करोडभन्दा बढी लालसेना र रूसी जनता मारिएका छन् र उत्तिकै धन, सम्पत्ति खरानी बनेको छ। यो अपराधमा हिटलर, मुसोलिनी, विश्व साम्राज्यवाद प्रत्यक्ष दोषी हुन् भने अमेरिका, ब्रिटेन र फ्रान्स परोक्ष दोषी हुन् । ब्रिटेन र फ्रान्सले दुई शताब्दीभन्दा अगिदेखि र अमेरिकाले डेढ शताब्दीअगिदेखि विश्वका ६ वटै महादेशका जनतालाई शोषण, दमन, युद्ध र आतङ्क मच्चाउँदै करोडौं निरपराध जनताको हत्या गर्दै आइरहेका छन् । त्यस्तै जर्मनी, जापान, इटलीलगायत अरू भुरेभारे साम्राज्यवादीहरू धेरैथोरैको कुरा मात्र हो, हजारौं, लाखौं र करोडौं जनताको रगतबाट उनीहरूका हात रङ्गिएको इतिहास साक्षी छ। यो दोष उनीहरूका टाउकामाथि जान्छ कि जाँदैन ?


*(क्रमशः)*

# मैले देखेको एकाउन्नौं विश्व सम्पदा :
# ग्लोस्टरका क्याथेड्रल

सुरेन्द्र ढकाल




बाहिरबाट हेर्दा क्याथेड्रल यस्तो देखिन्छ



क्याथेड्रलको भित्री भागको कोरिडोर



क्याथेड्रलमा रहेको जेनरको मूर्ति



क्याथेड्रलमा रहेको नर्मन न्युक्लियस



चर्चभित्र रहेको मिस्सेरीकोर्डहरू




चर्चभित्र वाद्ययन्त्र (अर्गान) र श्रवण कक्ष)




चर्चको सिसाको झ्यालमा गरिएको कलाकृति



चर्चको बीचमा देखिएको चार चुच्चे टावर



चर्चको मुख्य प्रवेशद्वार



ग्लोस्टर क्याथेड्रल अगाडि सुरेन्द्र सन् १९८९ मा

अक्सफोर्ड सहर र त्यहाँको विश्व प्रसिद्ध अति प्राचीन र विश्वविख्यात विश्वविद्यालय अवलोकन गरेपछि हामी अक्सफोर्डबाट उत्तरपश्चिमतर्फ लागी सेभेर्न नदी किनारस्थित ग्लोस्टर भन्ने सहरमा पुग्यौं । त्यहाँ हेर्न लायकको कुरा भनेको त्यहाँको प्राचीन क्याथेड्रल रहेछ ।

**ग्लोस्टरको क्याथेड्रल**

ग्लोस्टरको क्याथेड्रल (जस्लाई सेन्ट पिटर क्याथेड्रल चर्च पनि भनिन्छ) को स्थापना सन् ६७८ तिर भएको मानिएको रहेछ । वोरचेष्टरका विशप एआलड्रेडले सन् १०५८ मा यस चर्चको पुनर्निर्माण गर्न लगाएका रहेछन् र चर्चको हालको रूप भने एवट सेर्लोले ३२ वर्ष लगाएर सन् १०७२ बाट शुरू गरी सन् ११०४ मा सम्पन्न गरेका रहेछन् । यस चर्चको विशेषता भनेको कलापूर्ण सिसाका झ्याल र कलापूर्ण बल खेलिरहेको मूर्ति रहेछन् । यसबाट के बुझिन्छ भने मध्यकालमा नै फुटबल खेल्ने प्रचलन भइसकेको अनुमान गरिएको छ ।

गोथिक शैलीमा बनेको यस चर्चमा नर्मनकालका वाल्टर डे लाचिको चिहान पनि राखिएको रहेछ जस्लाई नर्मान न्युक्लियस भनिँदो रहेछ । यसको लम्बाइ १३० मिटर र ४४ मिटर चौडाइ रहेछ । चर्चको बीचमा १५औं शताब्दिमा ठडिएको ६९ मिटर अग्लो चार चुच्चे टावर रहेछ । यसै टावरको मुनि रहेको गानबजान कक्ष र त्यसको दुईतर्फबाट हिँडने ठाउँ (आइसल) पूर्ण कलाकारितापूर्वक सजाइएको रहेछ । यसको दक्षिण भागमा क्रिश्चियन पादरीहरूको लागि बेग्लै प्रार्थना कक्ष बनाइएको रहेछ । यसै चर्चमा विफरको भ्याक्सिन आविष्कार गर्ने एडवार्ड जेनरसहित ग्लोस्टरका विशप विलियम वारवर्टनको स्मारक पनि राखिएको रहेछ । पछि सन् १८७३ मा यस चर्चको जिर्णोद्धार जर्ज गिल्वर्टको अगुवाइमा सुरू भई सन् १८९७ मा सम्पन्न गरिएको रहेछ ।

यस अवधिमा गिल्वर्टले यस चर्चभित्र १४ औं शताब्दिका ४६ वटा र १९ औं शताब्दिको पौराणिककालका धार्मिक आस्था, जनसंस्कृति झल्कने मिजेरी कर्डहरू सजाउन लगाएका रहेछन् । चर्चभित्र रहेको संगीतयन्त्र अर्गान सन् १६६६ मा नै थोमस ह्यारीले बनाएका रहेछन् । अर्गानलाई भित्तामा सजाइएको र संगीत श्रवण गर्नेहरूको लागि बस्ने ठाउँ ज्यादै कलात्मक पाराले बनाइएको रहेछ । चर्चमा रहेको घण्टाघरको घडी सन् १५२५ मा बिग्रेको रहेछ । पछि सन् १८९८ मा आएर त्यसको ठाउँमा नयाँ घडी डेन्ट एण्ड कम्पनीले जडान गरिदिएको रहेछ ।

# कृषिमा जलवायु परिवर्तनको असर र प्रभाव

**डा. श्रीभगवान ठाकुर**

तराई मधेसमा राष्ट्रिय जनगणना २०११ अनुसार ५०.२३ प्रतिशत रहे पनि क्षेत्रफल जनचेतनाको अभाव, परिवार नियोजनको प्रभावकारिताको कमी, परम्परागत रूढीपना आदिले नेपालको औषत जनसंख्या वृद्धि दर ३.१५ प्रतिशतभन्दा बढी रहेको र जनघनत्व पनि पहाड र हिमालभन्दा बढी नै जुन प्रतिवर्ग कि.मी. ३९२ रहेको अवस्था छ। तराई मधेसमा औषत परिवार सदस्य संख्या पनि धेरै रहेको अवस्था छ। तराईमा आफ्नो जग्गाबाट खाद्यान्न आपूर्ति गर्न व्यक्ति ०.४५ हेक्टर जग्गाको आवश्यकता पर्दछ। तर तराई मधेशमा जग्गाविहीन र अति विपन्नको जनसंख्या पनि बढी रहेको अवस्था छ।

तराई मधेसलाई अन्नको भण्डारले चिनिएको जहाँ राष्ट्रको २३ प्रतिशत भूमि ओगटेको, फराकिलो तथा उर्वर भूमि ५९ देखि ७०० मीटर उचाईमा पर्दछ। कूल खेतीयोग्य जमीनको ४० प्रतिशत हिस्सा रहेको जुन वर्षैभरि सिँचाई उपलब्ध गराउन सकिन्छ। यहाँ सरकारले सिँचाई र प्रविधि उपलब्ध गराउन सके उत्पादकत्व वृद्धि गर्ने धेरै नै क्षमतावान क्षेत्र हो। यहाँको उत्पादनले नेपालको जनसंख्याभन्दा बढीलाई खाद्यान्न तथा अन्य कृषि उत्पादन बढाउने क्षमता रहेता पनि विभिन्न कारणले त्यसो नभएको पाइएको छ।

जलबायु परिवर्तनको असर र प्रभाव पनि पहाडमा भन्दा तराई मधेशको कृषिमा बढी हुने विभिन्न प्रतिवेदनले दिएको अवस्था छ। तराई मधेशमा तापक्रम बृद्धि, वर्षाको पानीको धेरै नै कमी वा चाहिएको समयमा नआई कुबेलामा पर्ने, शीतलहरी, असिना आदिले कृषिको उत्पादनमा धेरै नै नकारात्मक प्रभाव पार्ने छ भनी अनुमान गरिएको छ। संयुक्त राष्ट्र संघको जलवायु परिवर्तन वार्षिक प्रतिवेदन २०१७ अनुसार हिम पग्लिने तथा अति वर्षाका कारण प्रमुख जलवायु जन्य जोखिम बाढी तराई मधेश नै हो। परिणाम स्वरूप कृषिको वृद्धि दर घट्दै गएको पाइन्छ। यसरी कृषिवस्तुको उत्पाकत्व घट्दा खाद्यान्नको अवस्था अहिलेको भन्दा विल्कुलै उल्टो हुने जाने निश्चित छ।

### खाद्य संकटका प्रमुख कारणहरू

कृषि उत्पादकत्वमा कमी, कृषिको बृद्धिदर न्यून हुनु, जलवायु परिवर्तनले बालीका जातहरू सुहाउँदो नहुनु, खाद्य विविधिकरण नहुनु, भाते संस्कारले प्रोत्साहन पाउनु, विभिन्न कार्यक्रम तथा परियोजनाबाट चामल वितरण, खाद्यान्न बालीको क्षेत्रफल व्यवसायिक बालीले ओगटनु, खाद्यान्न बालीले अनुसन्धान तथा दातृ निकायको प्राथमिकता नपाउनु, दैवी प्रकोप तथा जलबायुजन्य प्रभाव -बाढी, पहिरो, सुख्खा, भूक्षय, शितलहरी, असिना, आदि।

खाद्यान्न उत्पादनमा कूल क्षेत्रफलको ७० प्रतिशत धानबाट ७१ प्रतिशत उत्पादन र ५८ प्रतिशत गहुँबाट ६५ प्रतिशत उत्पादन भएको २०७१/७२ को तथ्याँकबाट देखिन्छ। प्रदेश २ ले लगभग देशको २१ र २८ प्रतिशत धान र गहुँको उत्पादन दिन्छ।



त्यस्तै दलहन बालीमा नेपालको मसुरोको ९५ प्रतिशत क्षेत्रफलबाट ९५ प्रतिशत नै उत्पादन हुन्छ भने चनाको ७३ प्रतिशत क्षेत्रफलबाट ७८ प्रतिशत नै उत्पादन र अरहरको पनि ९७ प्रतिशत क्षेत्रफलबाट ९७ प्रतिशत नै उत्पादन हुने गर्दछ। कुल दलहनको ७५.८१ र ७६.३२ प्रतिशत तराई मधेशबाट प्राप्त हुन्छ। प्रदेश २ ले लगभग देशको ३७ र ५९ प्रतिशत मसुरो र अरहरको उत्पादन दिन्छ।

तराई मधेशमा आयोजना परियोजना तथा कार्यक्रमहरू

नेपालमा गरिबी न्यूनीकरण, खाद्य तथा पोषण सुरक्षा, ग्रामीण विकास, आयआर्जन तथा जीविकोपार्जन सुधार, आदि नामका विभिन्न आयोजना परियोजना, कार्यक्रमहरू अनेक दातृ संस्था तथा एजेन्सीहरूले संचालन गरेका छन्। तराई मधेशमा एक दशकदेखि ती विकासे परियोजनाहरूको संख्यामा धेरै नै कमी आएको छ। गरिबीको सूचकांक, मानव सूचकांक तथा अरू समस्याहरूको जरोको रूपमा रहेको तराई मधेशमा योजना परियोजना किन नगएको प्रश्न उब्जिरहेको हुन्छ। दातृ निकाय तथा अन्तर्राष्ट्रिय एजेन्सीको सामु ती समस्याहरूको चाँग रहेको जिल्ला/स्थान किन प्राथमिकतामा पर्दैन। सरकारले संचालन गरेका कार्यक्रम र योजना तथा परियोजना जस्तैः नारडेफ, पैक्ट, Himali, RISMFP, HVAP, KUBK, AFSP जस्ता परियोजनाहरू पहाडकेन्द्रित मात्रैले पनि तराईको विकासमा पक्कै गति शिथिल गरेको छ।

### खाद्य संकटबाट बच्ने उपाय

बाली विविधिकरण, उन्नत तथा प्रभावकारी सिँचाइ व्यस्थापन, उन्नत प्रविधि तथा औजार/उपकरणको प्रयोग, उन्नत माटो, बीउ, विषादी र मलको प्रभावकारी व्यवस्थापन, जग्गा उपयोग नीति अपनाई कृषि जमीनको आधुनिक सुधार, मिश्रित कृषि प्रणालीमा पशुपंछी, माछापालनमा जोड, माटोको उर्वरा क्षमता अनुसारको बाली र जात छनौट, नगदे बाली प्रवर्द्धन, जलवायू परिवर्तन मैत्री बाली जातको विकास र प्रयोग, कृषि शिक्षा, वैकल्पिक ऊर्जा प्रवर्धन, अनुसन्धान, प्रसार तथा लगानीमा जोड, कृषि प्रशोधन तथा उद्योग व्यवसायको प्रवर्द्धन, साना तथा जग्गाविहीन कृषकका लागि विशेष पैकेज, कृषि बीमा तथा वित्तीय सहयोग, खाद्यान्नको न्यायोचित वितरण, खाद्य उपयोग विविधिकरण, आदिको व्यवस्थामन गर्नु पर्दछ। तराई मधेशले विशेष गरी सिँचाईको व्यवस्थापन गरी खेत जग्गा खाली नराखी बाली घनत्वमा बृद्धि, धान गहूँ भन्दा बढी भाउजाने बाली (तरकारी, दलहन, तेलहन, फलफूल, मशाला, जडीबुटी, आदि) उत्पादन, पशुपंक्षी पालन तथा वन बालीसँग मिश्रित कृषि प्रणली तथा भात खानु भन्दा मकै गहुँ, कोदोको रोटी, भुजा, आदि परिकार खान तमत्यार हुनु पर्ने, कृषिमा उन्नत बीउ, सामग्री, प्रविधि अपनाई जलवायू परिवर्तनका अनुकूलन गर्दै निर्वाहमूखी भन्दा व्यावसायिक एवं प्रतिस्पर्धी कृषकमा परिणत नभए भोलीको खाद्य संकट, जलवायु परिवर्तन र गरिबी जस्ता कुप्रभावबाट बच्न मदत गर्दछ।

### निष्कर्ष :

नेपाल कृषिमा आधारित अर्थतन्त्र भएको मुलुक जहाँ तराई मधेश जस्तो अन्न भण्डार रहेको क्षेत्रमा प्रकृतिले दिएको सम्पूर्ण सम्भावनाहरूलाई कार्यान्वयनमा ल्याउन जरूरी देखिन्छ। सरकारले नीतिगत, प्रक्रियागत तथा संरचनागत व्यवस्थापन तथा प्राथमिकताले तराई मधेशको उर्वर माटो, समथलभूमि, हावापानीको विविधता, उच्च यूवा जनसंख्याको क्षमता, आन्तरिक तथा बाह्य बजारको अवसर, भूमिगत जल तथा सौर्य उर्जाको उपयोग गर्ने जस्ता क्षमतालाई तालमेल मिलाउन अति नै आवश्यक देखिन्छ। तराई मधेशका मानिसहरूले सरसफाई, सामाजिक सदभाव, व्यावसायिक खेती, आधुनिक प्रविधिको प्रयोग, परम्परागत सोंच तथा रितिरिवाजबाट माथि उठी, खानपान जस्ता व्यवस्थापन गर्न पाए राजनितिक परिवर्तनसँगै समसामयिक गरिबी, जलवायु परिवर्तन, खाद्य संकटको सामना प्रदेश तथा देशले गर्न मद्दत मिल्छ। यसरी संविधानले लिएको खाद्य संप्रभुता, किसानको समृद्धि र खाद्यान्नको हक प्राप्ति समेतमा सहयोग पुग्छ।

कथा

## कुचकुचिया

आलोक गौतम

बार्दलीमा बसेर आकाशतिर देखाउँदै ज्योत्स्ना चौधरीकी हजुरआमाले भनिन्- 'ज्योति तैंले कुचकुचिया देखेकी छेस्।'

'कुचकुचिया ?' के हो बज्यै त्यो भनेको ?

'आकाशमा हेर त। लाखौं ताराहरूसँग कुचकुचिया देखिन्छ।' बज्यैले नातिनीको कपाल मुसार्दै भनिन्।

'बज्यैले कति कुरा जान्नुभएको छ। क ख पनि चिन्नुभएको छैन तर सयौं बोटबिरुवा, पशुपक्षी, धानका जातहरू, अनेकथरी कीरा फट्यांग्राका नामहरू कण्ठस्थ छ। कसरी थाहा हुन्छ यी सबै कुरा ?' ज्योत्स्नाले सोधिन्।

साठी वर्षकी भएँ। तेरो बाजेसँग बिहे गर्दा सात वर्षकी थिएँ। आँगन र बगैंचामा खेल्दा कति धेरै झगडा पर्थ्यो। उनी मलाई मिश्री खान दिएर फकाउँथे। मलाई मिश्री साह्रै मीठो लाग्थ्यो। एकदिन खेतबाट फर्किंदा उनले मलाई खुला आकाशतिर देखाउँदै भनेका थिए- 'बुधुनी, तैंले कुचकुचिया देखेकी छेस्।'

'अहँ छैन...। के हो त्यो भनेको ? मैले भनें।

'आँखा चिम्म गरिस् भने म बताउँछु।' उनले भने।

'मैले आँखा चिम्म गरेँ। पछाडिबाट उनले मेरा आँखाहरू छोपिदिँदै गालामा म्वाई खाए। त्यो दिन सम्झिँदा मलाई कुचकुचियाको याद आउँछ र कुचकुचिया देखेपछि त्यो दिनको घटना सम्झिन्छु। ज्योति, तेरो बाजे देवताजस्ता थिए। कहिले पनि कसैलाई दुःख दिएनन्। जमिनदार भए पनि कहिले कसैलाई चित्त दुखाएनन्। घरमा पालेको हात्ती मर्दा उनी निक्कै रोएका थिए। म पनि उनीसँगै रोएकी थिएँ। हात्ती मरेको दिन उनले केही खाएनन्। सन्तानलाई जस्तै माया गर्थे उनी। तेरो बाजेले जीवनमा मलाई कहिले गालीसम्म गरेनन्। नोकरचाकरहरू भन्थे- 'यस्तो जोडी त भाग्यमानीहरूको मात्रै हुन्छ मालिक्नी।'

बुधुनीका आँखा रसाए। उनले पतिलाई सम्झिँदा एकएक गर्दै पुराना दिनहरू सम्झिइन्। घरमा आठ-दशजना नोकरचाकर थिए। साँझ-बिहान चौंतीस पैंतीस जनाका लागि खाना पाक्थ्यो। टाढाटाढाका मानिसहरू पनि कृष्णबहादुर जिम्दारलाई भेट्न आइरहन्थे। ठूलो आँगन र घरवरपर बयलगाडाहरू, ट्रयाक्टरहरू र खुला जीप सधैं देखिन्थ्यो। वर्षाऋतुमा कृष्णबहादुर र बुधुनी हात्ती चढेर खेतमा जान्थे। रझेना गाउँमा मात्र होइन, पचासौं किलोमिटर टाढाटाढासम्म कृष्णबहादुरलाई नचिन्ने कमै थिए।

ज्योतिले सोधी- 'बज्यै, तपाईंलाई बाजेको माया लाग्छ ?'

'किन नलाग्नु नि, उनी भगवान् थिए भगवान्। त्यस्तो लोग्ने कसैले पाउँदैन ...।' बुधुनी बोलिन्।

भुरी गाउँबाट रझेनामा बिहे गरेर जाँदा बुधुनी खुबै रोएकी थिइन्। सानो काम बिगार्दा फूपू सासूले उनलाई 'छच्छाइल' भनेर हप्काएकी थिइन्। वास्तवमा नै उनी पुलपुलिएकी छोरी थिइन्। सम्पन्न माइतीमा सात वर्षकी बालिकाले के नै पो गर्नुपर्छ र ?

बिहान ६-सात बजे उठेरमुख धुन्थिन्। चिया खान्थिन्। साथीहरूसँग खेल्थिन् र यस्तैमा दिन बित्थ्यो। बुधुनीकी साथी थिइन् ठेम्ना। राम्ररी नबढेकी पुड्की भएकीले आमाबाबुले उसलाई ठेम्ना भन्थे।

बिहे भएर बुधुनी भुरीगाउँबाट दाङ जान लाग्दा साह्रै रोएकी थिइन् ठेम्ना। ठेम्ना र



अरु साथीहरू रोएको देखेर निसासिँदै रोएकी थिइन् बुधुनी।

पुराना तस्बिरहरू ओल्टाइपल्टाइ हेरेझैं अतीततर्फ फर्किंदै बुधुनी बोलिन्- 'ज्योति, ढुर्रा-लौसर्ना' गर्दा म निकै लजाएकी थिएँ। म अब तरुनी भइछु भन्ठानेर ऐना हेरेकी थिएँ। बिहान नुहाएर कोरिबाटी गरेपछि मलाई एक किसिमको लाजले छोपेको थियो।'

'बज्यै, म तपाईंको कुरै बुझ्दिनँ। फेरि के हो यो दुर्रा लौसर्ना भनेको नि।' ज्योति वास्तवमा अनभिज्ञ थिई थारु संस्कृतिप्रति।

ज्योतिका बुबा प्रकाशले छोरीलाई काठमाडौंको अंग्रेजी बोर्डिङ स्कुलमा राखेर पढाए। छात्रावासमै बसेर उसले बीएस्सी उत्तीर्ण गरी। प्रकृति, भौतिक जगत, पञ्चतत्व, देवीदेवता, गुर्बा र पुरातन संस्कृतिप्रति समर्पित थारुजाति संस्कृतिमा कति धनी छ भन्ने कुरा ज्योत्स्नाले राम्ररी देख्नसमेत पाएकी थिइन। त्यसैले बज्यैका हरेक शब्दहरू उसलाई नयाँ लाग्थ्यो।

भन्नुहोस् न बज्यै, दुर्रा-लौसर्ना भनेको के हो ?

'धत् लाटी, ल सुन।' बज्यैले बेलिविस्तार लगाइन्- 'बिहे गरेका थारु महिलाले सन्तान जन्माउने शक्ति जोगाउन र सन्तान निरोगी हुन् भनेर कात्तिक पूर्णिमा र जेठ पूर्णिमामा सप्त मातृका देवीको पूजा गर्छन्। हो, त्यसैलाई ढुर्रा लौसर्ना भन्छन्।'

'मैले पनि गर्नुपर्छ त्यस्तो पूजा ?' ज्योत्स्नाले हाँसेर सोधी।

किन पर्दैन त। तँ थारुकी छोरी होइनस् र ?' बज्यैले ज्योत्स्नाको नाकको टुप्पो समाउँदै माया गरेर भनिन्।

'अघि तपाईंले भन्नुभएको कुचकुचिया भनेको तारा हो ?' ज्योत्स्नाले कुचकुचियाको अर्थ छर्लंग नबुझेर सोधी।

बुधुनी पुनः भावुक भइन्। नातिनीसँग जुनेली रातमा रमाइलो कुराकानी गर्दा कहिले उनी विगत सम्झिन्थिन् त कहिले नातिनीको बिहेको तयारीको कुरा गर्थिन्।

नातिनीले पटक पटक कुचकुचिया शब्दको अर्थ सोधिरहँदा उसले बाजेको बारेमा सोधेझैं लाग्थ्यो बुधुनीलाई।

'ज्योति, ऊ आकाशमा राम्ररी हेर त। लाम लागेर बसेका ताराहरू देखिस् ? हो, त्यही हो कुचकुचिया...।'

ज्योतिले केहीबेर नियालेर हेरी। बज्यैलाई हेरी। कुचकुचिया देख्दा बज्यैको मुहार देदीप्यमान देखिन्थ्यो। उनी दिवंगत पतिको सम्झनामा भावुक भए पनि कुचकुचिया हेर्दा आफ्नै पतिको अनुहार देखेझैं खुसी हुन्थिन्। 'के छ यो आकाशगंगामा ? बज्यै किन यति माया गर्छिन् आकाशगंगालाई ? किन उनी पुराना कुराहरू सम्झेर कोट्याइरहन चाहन्छिन् ? पतिसँग बिताएका रमाइला दिनहरूले किन उनलाई तृप्ति मिलेझैं लाग्छ ? के मेरी बज्यैले बाजेको अनुहार र उनीसँग बिताएका क्षणहरू सम्झेर आफूलाई धन्य सम्झेझैं म पनि मेरो पतिसँग खुसी बाँड्न सक्छु होला त ? ज्योत्स्नाको मनमा समुद्रको ज्वारभाटाझैं अनेकौं प्रश्नहरू खेल्न थाले।

आकाशगंगाले बाल्यकाल सम्झाउँथ्यो बुधुनीलाई। झन्डै पचास वर्षसम्म कृष्णबहादुर चौधरीसँग बिताएका एक एक दिनहरू पुस्तकझैं पल्टाउँथिन् उनी। स्मृतिमा रहेका हजारौं सम्झनाहरूले पुलकित बनाउँथे उनलाई। लुकामारी अर्थात् 'नुकिक्साँढा' खेल्दा कृष्णबहादुरले च्याप्प समातेर परालमा लडीबुडी गरेका दिनहरू सम्झेर आज पनि लजाउँछिन् बुधुनी। नैनसुतको धोतीसाडी लगाएर सवारीगाडामा घोराही बजार गएको, बजारमा पुरी जलेबी खाएको र कृष्णबहादुरले माया गरेर अमलाको तेल किनिदिएको उनलाई झल्झली सम्झना आउँछ। घरको भान्सामा बुधुनी पिर्कामा बस्न लाग्दा पछाडिबाट पिर्का तानिदिएर कहिलेकाहीं लडाइदिन्थे कृष्णबहादुरले। त्यसपछि दुवैजना खित्का छोडेर हाँस्थे।

बुधुनीले लोग्नेको प्रशंसा गर्दै भनिन्- 'तँ सानै थिइस् ज्योति। तेरो बाजे प्याँगुल (पक्षघात) भएर सुतिरहँदा पनि मैले छोएपछि खुसी हुन्थे। मलाई नदेख्दा उनलाई छटपटी भइरहन्थ्यो। तँ सायद पत्याउँदिनस्। उनी त्यहीं गएर बसेका छन्। कुचकुचियाको देशमा। त्यसैले म कुचकुचिया हेरिरहन्छु। मलाई यस्तो लाग्छ, उनले मलाई त्यहाँबाट हेरिरहेका छन्।


लोकसेवा आयोगको दृढ अठोट

स्वच्छ, निष्पक्ष र प्रतिस्पर्धात्मक छनौट

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

Remember us for the Construction of Private and Public Works

EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं।
फोन : ९८५१०२३६७०, ४४४१८१२

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

# कोरियाली प्रायद्वीपमा निशस्त्रीकरणको आशा



विष्णु भट्टराई

उत्तर र दक्षिण कोरियाले विगत लामो समयदेखि उनीहरूबीच जारी घोषित युद्ध अन्त्यको घोषणा गर्ने भएका छन्। यसै वर्षको अन्त्यतिर युद्ध अन्त्यको घोषणा गर्ने भएको दक्षिण कोरियाली विदेशमन्त्रीले जानकारी दिएका छन्। उत्तर कोरियासँगको युद्ध अन्त्यको घोषणा गर्ने तयारी दक्षिणले गरेको हो । दक्षिण कोरियाली विदेशमन्त्री काङ कियाङ ह्वाले यसै साता सोलमा आयोजित पत्रकार सम्मेलनमा उत्तर कोरियासँगको युद्ध अन्त्यको औपचारिक घोषणा गर्ने तयारी गरिएको जानकारी दिएकी हुन् । उनले सो घोषणा कहिले र कसरी गरिँदै छ भन्ने बारेमा भने केही उल्लेख गरेकी छैनन् । तर पनि यस वर्षको अन्त्यतिर करिब ६५ वर्ष पुरानो दुई कोरियाबीचको युद्ध औपचारिक रूपमा अन्त्य भएको घोषणा गरिने जानकारी उनले दिइन् ।

यस विषयमा दक्षिण कोरियाका राष्ट्रपति मुन जाए-इन र उत्तर कोरियाली नेता किम जोङ उन सहमत भइसकेको जानकारी यसअघि नै दिइएको थियो । उनीहरूबीच गत २७ अप्रिलमा पानमुनजोममा भएको ऐतिहासिक बैठकमा सो विषयमा सहमति भएको बताइएको थियो । गत २७ अप्रिलमा दुई कोरियाका शीर्ष नेताबीच ऐतिहासिक शिखरवार्ता सम्पन्न भएको थियो । उत्तर कोरियाली सर्वोच्च नेता किम जोङ उन र दक्षिण कोरियाका राष्ट्रपति मुन जाए-इनबीच भएको सो भेटवार्तापछि १२ जुनमा अमेरिका र उत्तर कोरियाबीच शिखरवार्ताकों वातावरण बनेको थियो ।

दक्षिण कोरियाको सीमा क्षेत्रमा रहेको एक होटलमा सम्पन्न सो वार्तामा यी दुई देशबीच ऐतिहासिक सम्झौता पनि भयो । यसले नै अमेरिका र उत्तर कोरियाबीच वार्ताको मार्ग प्रशस्त गरेको थियो । आणविक अस्त्र उत्पादन गर्न नपाइने र परीक्षणस्थल भत्काउनुपर्ने अमेरिकाको सर्त उत्तर कोरियाले पूरा गरेपछि सिंगापुर वार्ता सम्भव भएको थियो । उत्तर कोरियाली नेता किम जोङ-उनले सिंगापुरमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग भएको शिखरवार्ताको क्रममा कोरियाली प्रायद्वीपलाई पूर्ण निःशस्त्रीकरण गर्ने विषयमा प्रतिबद्धता व्यक्त गरेका थिए । उत्तर कोरियाली नेता किम र अमेरिकी राष्ट्रपति ट्रम्पबीचको सम्झौतापछि भने कोरियाली प्रायद्वीपमा पूर्ण रूपमा निःशस्त्रीकरण गर्ने आशा बढेको बताइएको छ ।

कतिपयले भने दुई कोरियाको २७ अप्रिलमा सम्पन्न शान्तिवार्ता तथा अमेरिका र उत्तर कोरियाबीच १२ जुनमा भएको वार्ता र चारबुँदे सहमतिपत्रमा हस्ताक्षरपछि कोरियाली प्रायद्वीपमा औपचारिक रूपमै युद्ध अन्त्य भइसकेको बताउँदै आएका छन् । दक्षिण कोरिया र उत्तर कोरियाले आगामी एसियन खेलकुद प्रतियोगिताका लागि खेलाडीहरूको संयुक्त टोली बनाउने भएका छन् । आउँदो अगस्टमा इन्डोनेसियामा हुने प्रतियोगिताका विविध खेलमध्ये केही खेलमा उनीहरूले संयुक्त टोली बनाउने सहमति यसै साता गरेका हुन् । दुई देशका खेलकुदसम्बन्धी निकायका उच्च अधिकारीहरूको संयुक्त बैठकले खेलाडीहरूको संयुक्त टोली बनाउने निर्णय गरेको हो । सो प्रतियोगिताको उद्घाटन र समापन समारोहमा पनि दुई देशले संयुक्त प्रदर्शन गर्ने तय भएको अधिकारीले बताएका छन् । दक्षिण कोरियाको संस्कृति, खेल र पर्यटन मन्त्रालयले गत २७ अप्रिलका दिन भएको दुई कोरियाको पहिलो शिखरवार्तामा नै एसियन खेलकुदमा संयुक्त सहभागिताबारे सम्झौता भएको जनाएको छ ।यसअघि गत फेब्रुअरीमा भएको शीतकालीन ओलम्पिकको उद्घाटन समारोहमा पनि दुई देशले संयुक्त रूपमा प्रदर्शन गरेका थिए ।

यसअघि १२ मेमा सिंगापुरमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उत्तर कोरियाली सर्वोच्च नेता किम जोङ उनबीच शिखर वार्ता सम्पन्न भएको थियो । वार्ताअघि अमेरिकाले उत्तर कोरियालाई निशस्त्रीकरण गर्दै एसियामा आफ्नो प्रभाव विस्तार गर्न खोजेको हो कि भन्ने आशंका गरिएको थियो । अमेरिकी राष्ट्रपति ट्रम्पलाई नोबेल पुरस्कारका लागि योग्य ठहराउन वार्ताको स्टन्ड तयार गरिएको प्रचारबाजी पनि नभएको होइन । अमेरिका आफैं एउटा परमाणु हतियार सम्पन्न राष्ट्र हो । अमेरिका, रुस, चीन, कोरिया, भारत, पाकिस्तानसहित केही युरोपेली राष्ट्र आणविक हतियारबाट सुसज्जित छन् । अमेरिकाले विश्वमा नै रासायनिक र आणविक हतियारको विरोध गर्दै त्यसविरुद्ध कडा रबैया अपनाउँदै आएको छ । तर, रासायनिक हतियारको विकास सबैभन्दा पहिले पश्चिमा राष्ट्रले नै गरेका हुन् । सन् २००३ मा अमेरिका, बेलायत र उसका सहयोगी देशले इराकमाथि हमला गरे । त्यसको १४ वर्षपछि इराक हमला गलत थियो भन्ने प्रमाणित भयो ।

लिबियामा सन् ३००३ को डिसेम्बरमा आणविक निःशस्त्रीकरण शान्तिपूर्ण रूपमा सफल भयो । त्यसबेला तत्कालीन लिबियाली नेता मुआमर गद्दाफी आफ्नो दशकभन्दा लामो आणविक कार्यक्रम अन्त्य गरी परमाणु हतियार नष्ट गर्न सहमत भएका थिए । सन् १९६८ मा लिबिया परमाणु अप्रसार सन्धीको हस्ताक्षरकर्ता राष्ट्र बनेको थियो । सन् १९९१ मा सोभियत संघको विघटनपछि विश्व रंगमञ्चमा एक्लो हर्ताकर्ता बनेको अमेरिकाले लिबियामा कडा प्रतिबन्धहरू लगायो । त्यसपछि सन् २००३ डिसेम्बरसम्ममा लिबिया परमाणु हतियार परित्याग



गर्न बाध्य भयो । परमाणु हतियार परित्याग गरेको ८ वर्षपछि लिबियाली नेता मुआमर गद्दाफीलाई विद्रोहीले अरब वसन्त नामले चिनिने संघर्षकै दौरान उनकै गृह नगर सिर्तेमा हत्या गरे । दुर्भाग्यपूर्ण कुरा यो हत्यामा सामेल विद्रोहीलाई अमेरिकासहित पश्चिमा शक्ति राष्ट्रको समर्थन प्राप्त थियो । सन् २०१३ सम्ममा ८ सय टनभन्दा बढी हतियार नष्ट गरियो । फेब्रुअरी २०१४ मा लिबियाको नयाँ सरकारले पुरानो सरकारका समयमा रहेका सम्पूर्ण हतियार नष्ट गरिसकेको घोषणा गर्‍यो ।

सन् २०१५ मा अमेरिकाका तत्कालीन राष्ट्रपति बाराक ओबामाको पालामा इरानको परमाणु कार्यक्रम नियन्त्रण गर्नका लागि एउटा सम्झौतामा हस्ताक्षर भयो । सो सम्झौतामा अमेरिकासहित, रुस, चीन, फ्रान्स, बेलायत र जर्मनीले पनि हस्ताक्षर गरे । सोही अनुसार इरानको आणविक कार्यक्रम रोकिएको अवस्थामा गत मेमा अमेरिकी राष्ट्रपति ट्रम्पले सम्झौता रद्द गरेको घोषणा गरेपछि त्यसको भविष्य संकटमा परेको छ । अमेरिकाबाहेकका राष्ट्रले आफूहरू सम्झौताप्रति प्रतिबद्ध रहेको बताएपनि युरोपेली राष्ट्रहरू खुलेर अमेरिकाको विरोधमा उत्रिएको त्यतिधेरै देखिएको छैन । त्यसकारण यो सम्झौतामा पनि उनीहरूले कडा अडान लिएर अमेरिकालाई नै परमाणु सम्झौतामा फर्काउने सम्भावना कम छ। गत वर्ष मात्रै ओबामाकै कार्यकालमा भएको जलवायुसम्बन्धी पेरिस सम्झौताबाट अमेरिका पछि हटेको छ । यस्ता थुप्रै उदाहरण छन्, जहाँ अमेरिका आफैं पूर्वप्रतिबद्धताबाट पछि हटेको छ ।

यतिबेला उत्तर कोरियासँगको वार्ता र उसको निःशस्त्रीकरणको चर्चा विश्वप्यापी रूपमा भइरहेको छ। उत्तर कोरियाली नेता किम जोङ उन स्वयमले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग गरेको चार बुँदे सहमतिमा परमाणु हतियार निशस्त्रीकरणमा प्रतिबद्धता जनाएका छन् । किमले परमाणु हतियार निशस्त्रीकरणको कुरा गरे पनि विश्वमा यसको अनुभव सम्झनलायक छैन । त्यसको सबैभन्दा गतिलो उदाहरण लिबिया नै हो । किमसँगको वार्ता र परमाणु निशस्त्रीकरणको चर्चा चलिरहेका बेला अमेरिकी राष्ट्रपति ट्रम्पका सुरक्षा सल्लाहकार जोन बोल्टनले उत्तर कोरियाले परमाणु निःशस्त्रीकरणका लागि 'लिबिया मोडल' अपनाउन सक्ने भनाई सार्वजनिक गरिसकेका छन् । जसका कारण नै झण्डै ट्रम्प- किम शिखरवार्ता भंग हुन पुगेको थियो । यसले उत्तर कोरियाले परमाणु हतियारबाट आफूलाई निःशस्त्रीकरण इमानदारितापूर्वक नै गरेमा पनि उसको सुरक्षाको ग्यारेन्टी कसरी हुन्छ भन्ने गम्भीर प्रश्न खडा गरिदिन्छ ।

अमेरिकी विदेश सचिव माइक पोम्पेओको भनाइलाई नै आधार मानेर उत्तर कोरियाले सन् २०२० सम्म परमाणु निःशस्त्रीकरण गरेमा त्यसको १०/२० वर्षपछि उनको भविष्यको ग्यारेन्टी कसरी हुन सक्छ भन्ने प्रश्न जन्मिन्छ । यसको अर्थ उत्तर कोरियाले परमाणु हतियार त्याग्नु हुन्न वा परमाणु हतियारबाट मात्रै उसको भविष्य सुरक्षित हुन्छ भन्ने होइन । कुरा अमेरिकाले विगतमा चालेका कदमबाट विश्वास गुमेकाले त्यो विश्वास कसरी आर्जन हुनसक्छ भन्ने हो । अमेरिकाले इमान्दारितापूर्वक विगतका यस्ता सहमतिलाई पालना नगरी परमाणु हतियार परित्याग गर्ने नेताको हत्यासम्मको अवस्थालाई 'तानशाह' को हत्याको रूपमा चित्रित गर्नुले उसको नियतमाथि प्रश्न गर्ने ठाउँ छन् ।

ट्रम्प-किम शिखर वार्तापछि संयुक्त सैन्य अभ्यास रद्द गर्ने निर्णयले दक्षिण कोरिया र अमेरिका, उत्तर कोरिया र जापानबीचको सम्बन्धमा कस्तो असर देखिन्छ भन्ने प्रतीक्षाको विषय बनेको छ । अब किम-ट्रम्प वार्ताको चर्चा होइन, सहमतिलाई वास्तविकतामा परिणत गर्ने चुनौति हुनेछ । अर्कोतर्फ उत्तर कोरियाले आफूलाई पूर्ण निशस्त्रीकरण गरेर आफैलाई क्षति पुर्‍याउने हो कि भन्ने आशंका पनि सँगै व्यक्त हुन थालेका छन् । उसले केही दिनअघि नै आफ्नो परमाणु परीक्षणस्थल नष्ट गरिसकेको छ । इरानले किमलाई अमेरिकाको भरोसा नगर्न भनिसकेको छ । उत्तर कोरिया आफूलाई भड्काउपूर्ण नभई जिम्मेवार परमाणु शक्ति राष्ट्रका रूपमा उभ्याउन चाहेको छ ।

एक बहुप्रतिक्षित सम्झौता धेरै हल्का थियो । यो सम्झौता पुरानै घोषणाको 'कपी-पेस्ट' भन्दा पनि फरक पर्दैन । परमाणु निःशस्त्रीकरणको समाधान स्पष्ट नभएमा किम जोङ उनले लामो पारी खेल्न सक्ने सम्भावना कायम छ । वार्ताको असर देखिन केही वर्ष पर्खिनुपर्छ । त्यसअघि उत्तर कोरियामा चीन र दक्षिण कोरियाले लगानीलाई बढावा दिन्छन् या दिन्नन् भन्ने पनि प्रतिक्षाकै विषय छ । अर्कोतर्फ उत्तर कोरियालीले परिवर्तन चाहेका छन् । अहिले वार्ताबाट उनीहरूले जे चाहेका छन्, त्यो भन्दा अलग परिणाम आउँनसक्ने सम्भावनालाई पनि नकार्न सकिदैन ।

२ जुलाई, १९६४ मा अमेरिकी राष्ट्रपति लिन्डन बी जोनसन र मार्टिन लुथर किंग जुनियर, २१ फेब्रुअरी १९७२ मा चिनियाँ नेता माओ त्से तुङ र अमेरिकी राष्ट्रपति रिचर्ड निक्सन, १९८५ नोभेम्बरमा सोभियत नेता मिखाइल गोर्बाचोभ र अमेरिकी राष्ट्रपति रोनाल्ड रेगन, ४ नोभेम्बर १९९० मा बेलायती प्रधानमन्त्री र कुनै समय आफैंले आतंकवादी भनेका नेता नेल्सन मन्डेला, १३ सेप्टेम्बर, १९९३ मा प्यालेस्टाइनी नेता यासेर अराफात र इजरायली प्रधानमन्त्री यित्साक राबिन, २१ मार्च, २०१६ मा अमेरिकी राष्ट्रपति बाराक ओबामा र क्युबाका राष्ट्रपति फिडेल क्यास्ट्रोबीच यस्तै ऐतिहासिक वार्ता भएका थिए । ती मध्ये धेरै वार्ताले सफलता पाएनन् । ट्रम्प-किमबीच भएको यो वार्तालाई ती नै असफल वार्ताको सूचीमा पर्न नदिन दुवै पक्षले विशेष ध्यान दिनुपर्छ ।

अमेरिकी विदेशमन्त्री माइक पोम्पेओले उत्तर कोरियाले निशस्त्रीकरणको काम छिट्टै सम्पन्न गर्ने अपेक्षा अमेरिकाले गरेको बताएका छन् । दक्षिण कोरियाको राजधानी सोल पुगेका विदेशमन्त्री पम्पेओले भने, 'यो कुरा उत्तर कोरियाली नेता किम जोङ्ग-उनलाई पनि थाहा छ, यो काम जतिसक्दो चाँडै हुनेछ ।

विदेशमन्त्री पोम्पेओले भने, 'हामी चाहन्छौं, उत्तर कोरियाले गरेको सिङ्गापुर प्रतिबद्धताजस्तै आगामी केही दिनमा नै निशस्त्रीकरणका लागि प्रक्रिया थालोस् र पूरा गरोस् । हामीलाई विश्वास छ, नेता किमले यो आवश्यकतालाई बुझ्नुभएको छ र त्यसैबमोजिम चाँडै गर्नुहुने छ ।' विदेशमन्त्री पोम्पेओ गत जुन १२ को ऐतिहासिक शिखर वार्ताको बारेका जानकारी दिन दक्षिण कोरिया पुगेका हुन् । उनले यसबारेमा दक्षिण कोरियासँग आवश्यक छलफल गर्ने बताइएको छ । सोलमा जापान र दक्षिण कोरियाका विदेशमन्त्रीसँग भेटवार्तापछि संयुक्त पत्रकार सम्मेलनको आयोजना गरिएको थियो । पोम्पेओले चीनले संयुक्त राष्ट्रसंघद्वारा उत्तर कोरियाविरुद्ध घोषणा गरेको आर्थिक नाकाबन्दीलाई कोरियाली प्रायद्वीप आणविक रूपले निशस्त्रीकरण नहुँदासम्म कायम राख्ने प्रतिबद्धतालाई दोहोर्‍याएको बताएका छन् ।

किम-ट्रम्पबीचको ऐतिहासिक शिखर सम्मेलनपछि प्योङयाङले आफ्ना प्रतिवद्धतालाई पूरा गरेमा राष्ट्रसंघ सुरक्षा परिषदले प्रतिबन्धलाई विचार गर्नुपर्ने आवाज उठेको छ ।

*(एजेन्सीहरुको सहयोगमा)*

## रोचक संसार

### वातावरण जोगाउने मेसिन

रजश्वला भएका महिलाले आफ्नो स्वास्थ्य जोगाउन स्यानिटरी प्याड प्रयोग गर्दछन् । तर प्रयोग गरी फ्याँकिएको स्यानिटरी प्याड नकुहिने फोहोर भएको हुँदा यसको व्यवस्थापन निकै चुनौतिपूर्ण हुँदै गएको छ । किनकी नकुहिने फोहोर जम्मा हुँदै जाँदा त्यसले वातावरणमा नकारात्मक असर पार्दछ । यही तथ्यलाई मध्यनजर गर्दै भारतको नागरपुरस्थित नेसनल इन्भारोमेन्ट इन्जिनियरिङ रिसर्च इन्स्टिच्यूट (निरी)को अगुवाइमा एउटा गज्जबको आविष्कार भएको छ ।

त्यहाँका वैज्ञानिकहरुले बिजुलीबाट चल्ने एउटा नयाँ भट्टी तयार गरेका छन् जसले मानिस र पर्यावरण दुवैको ख्याल गर्दछ । यस्ता भट्टीलाई स्वयंसेवी संस्था तथा नगरपालिकाको सहकार्यमा सार्वजनिक स्थान तथा होटलहरुमा राखिनेछ । प्रयोग भएका प्याड त्यही भट्टीमा जलाइन सकिने बीबीसी हिन्दीले जनाएको छ । शोधकर्तामध्येका एक डाक्टर नितिन लाभसेटवारका अनुसार दुई वर्ष अघिसम्म हरेक महिना ३३ देखि ३५ करोडसम्म स्यानिटरी प्याड प्रयोग हुन्थे । अहिले भने त्यो संख्या ५५ देखि ६० करोड पुगेको छ । प्रयोगपछि स्यानिटरी प्याडहरु अन्य ठोस फोहोरसँगै फ्याँकिने, कुनै खुल्ला स्थानमा गाडिने वा ट्वाइलेटबाट फ्लस गर्ने गरिन्छ । यसले प्रदुषणको समस्या दिनानुदिन बढिरहेको मात्र होइन प्रयोग भएका प्याडमा लागेको रगतमा भएका सुक्ष्म जिवाणु वातावरणमा फैलिएर त्यसले संक्रमणको खतरा पनि पैदा गर्दछ ।

कहिलेकाहीँ त प्रयोग गरेर फोहोरमा फ्याँकिएका प्याडहरु भुस्याहा कुकुरले च्यात्दै हिँडेको दृश्य पनि देखिन्छ । ट्वाइलेटबाट फ्लस गरिने ठूलो संख्याका स्यानिटरी प्याडहरुले पानी सोस्दै फुलिने र पानी ने रोकेर ढल प्रणालीमै व्यवधान उपत्न्न गर्ने गर्दछ । प्रयोग गरिएका प्याडहरु सामान्यतया प्लास्टिकमा पोको पारेर अन्य फोहोरसँगै फ्याँक्ने गरिएको हुन्छ । त्यसैले यस्ता प्रयोग भैसकेर फ्याँकिएका प्याडहरु एकत्रित गरेर वैज्ञानिक तवरले नष्ट गर्नु निकै चुनौतिपूर्ण रहेको अनुसन्धानकर्ताको भनाई छ ।

### अजिंगरको पेटभित्र आमा



हालै इण्डोनेसियामा निकै डरलाग्दो घटना भएको छ । दक्षिण पूर्वी सुलावेशी प्रान्तमा आफ्नै बारीबाट बेपत्ता भएकी एक जना महिला अजिंगरको पेटभित्र फेला परेकी छिन् । घटना गत जुन १४ को हो । अजिंगरको आहारा बनेकी महिलाको नाम वा टिबा हो । बारीमा काम गर्न भन्दै घरबाट निस्किएकी ५४ वर्षकी टिबालाई एउटा भयंकर अजिंगरले सिँगै निल्यो ।

बेलुकी अबेरसम्म पनि टिबा बारीबाट घर नफर्किएपछि घरका जहानहरु आत्तिए । अर्को दिन बिहान घामको झुल्कोसँगै उनको खोजी सुरु भयो । केही छिनमै टिबाले लगाएका चप्पल, टर्चलाइट तथा उनले लगेको कुटो झाडीको नजिकै फेला परे । त्यसपछि जे देखियो त्यो निकै डरलाग्दो थियो । त्यहाँ नजिकै विशाल अजिंगर थियो । त्यसको पेट निकै फुलेको थियो । अजिंगरले सबैभन्दा पहिले टिबाको टाउकोमा आक्रमण गरी टाउकाको भाग निलेछ । त्यसपछि सरीरको सबै भाग निलेछ । महिलाको त्यत्रो जिउ निलेपछि अजिंगर राम्रोसँग हिड्नै सकेन ।

त्यस्तो हालतमा अजिंगर देखिसकेपछि सबैलाई एकिन भयो कि त्यसैले टिबालाई खाएको हो । सबैजना डराए । मानिसहरु अजिंगरले निलेकी टिबा सकुशल बाहिर आउन सकुन् भन्ने प्रार्थना गर्न थाले । बिहान ९ बजेसम्म त्यहाँ सयौं मानिस जम्मा भए । त्यसपछि अजिंगरलाई मारियो र उसको सरीर चिरियो । अजिंगरको आहारा बनेकी महिला जिवित हुने कुरै भएन । उनको टाउकोको भाग अजिंगरको पेटको पछिल्लो भागमा र बाँकी सरीर अजिंगरको मुखतर्फको भागमा थियो । अजिंगरको लम्बाई झण्डै २७ फिट रहेको बताइएको छ ।

### जीवन साथी कुर्दा मुडुलै

हामी कहाँ कपाललाई महिलाहरुले सुन्दरताको एउटा महत्वपूर्ण मानक मान्छन् । लामो र सिल्की कपालले महिलाहरुको सुन्दरतामा चमक थप्दछ । तर यो दुनियामा यस्तो संस्कार पनि छ जहाँ बिहे अघिसम्म महिलाहरुले कपाल पाल्नै पाउँदैनन् । अर्थात, जीवन साथी फेला नपर्दासम्म युवतीहरु मुडुलो बस्नु पर्दछ । दक्षिण अफ्रिका, इथियोपिया तथा सोमालियामा बस्ने बोराना आदिवासीहरुमा यो अनौठो प्रचलन रहेको छ । जस अनुसार केटीहरुले निश्चित अवधिसम्म मुडुलो बस्नु पर्दछ । राम्रो जिवनसाथी पाउनका लागि त्यहाँका युवतीहरु टाउकोमा कपाल राख्दैनन् । अभिभावकहरुले पनि आफ्ना छोरीहरुका लागि यस्तै नियम बनाइदिएका हुन्छन् । जबसम्म उनीहरुलाई जोडी मिल्ने जिवनसाथी फेला पर्दैन, तबसम्म उनीहरुले कपाल पाल्न पाउादैनन् ।

जीवनमा उत्कृष्ट जिवनसाथी प्राप्त गर्ने अभिलाषाका साथ बोराना आदिवासीका युवतीहरु यो परम्पराको हृदयदेखि नै पालना गर्दछन् । बाहिरी दुनियाबाट अलग यो आदिवासी समुदाय आफ्नै नियम कानूनमा चल्दै आएको छ। उनीहरु बाहिरी मानिसहरुको हस्तक्षेप स्विकार गर्दैनन् ।

### चन्द्रमाको माटोमा कसको हक ?

एउटा सानो काँचको सिसामा थोरै धुलो माटो राखिएको छ । सामान्य ठाउँको माटो भएको भए त यसको कुनै मूल्य नै हुादैनथ्यो होला । तर यो सिसाको माटो भने यसको मालिकका लागि अनमोल खजाना भन्दा कम छैन । लारा मरे नामकी महिलाका अनुसार यो सामान्य धुलो होइन, चन्द्रमाबाट ल्याइएको माटो हो । चन्द्रमामा पहिलोपटक पाइला टेक्ने अन्तरीक्षयात्री निल आर्मस्ट्रङ्गले आफुलाई त्यो माटो दिएको ादबी लाराको छ ।

लारा ११ वर्षकी छँदा आर्मस्टङङ्गले उनलाई त्यो चन्द्रमाको माटो उपहार दिएका थिए । तर उनले बाल्यकालमा दिएको त्यो माटोको महत्व बुझ्न सकिनन् र त्यसै कतै राखेर भुलिन् । आर्मस्ट्रंगले उनलाई उक्त माटो दिँदै एक नोट पनि लेखेर दिएका थिए । जसमा लेखिएको थियो, 'यो लारा एन्न मरेका लागि हो । बेस्ट अफ लक, निल आर्मस्ट्रंग, अपोलो ११ । लाराका पिता टम मरे एयरफोर्सका पाइलट थिए र उनी निल आर्मस्ट्रंगका मिल्ने साथी पनि थिए पाँच वर्षअघि आफ्ना मातापिताको निधन भएसँगै जब लारा आफ्ना बुवाआमाका घरका सरसामानहरु सरसफाइ गर्दै थिइन् तब उनी चन्द्रमाको माटो राखेको उक्त बोतल फेला पारिन् ।

### नासासँग मुद्दा

लारा अहिले अमेरिकाको टेनिसीमा बस्छिन् । त्यो विशेष माटोलाई उनी आफुसँगै राख्न चाहन्छिन् । सोही कारण उनले एक वकिल पनि नियुक्त गरेकी छिन् । उनले अदालतमा एउटा मुद्दा पनि हालेकी छिन्, आफुबाट त्यो चन्द्रमाको माटो नासाले लैजान नपाओस् भनेर । यद्यपि अहिलेसम्म नासाले चन्द्रमाको त्यो माटो लैजाने कुनै कोसिस गरेको छैन । तर लाराका वकिलका अनुसार चन्द्रमासँग जोडिएका हरेक चिजहरु आफुसँग राख्ने इतिहास नासाको रहेको छ ।

### बाटोमै दिसा गर्ने लत ?

पेट सफा गर्नु अर्थात् दिसा गर्नु मानिसको निजी काम हो, जुन बन्द शौचालय भित्र गरिन्छ । शौचालयमा दिसापिसाब गर्ने कामलाई स्वच्छ वातावरणका दृष्टिले पनि प्रोत्साहन गरिन्छ । मानिसहरुलाई खुल्ला ठाउँमा दिसापिसाब गर्नबाट निरुत्साहित गर्नका लागि अनेक उपाय लगाइएको पनि हुन्छ ।

कहिलेकाहीँ बाध्यताले पनि मानिसले खुल्ला ठाउँमा दिसापिसाब गरेको हुनसक्छ । तर एकजना यस्ता सिरियल दिसावाल पक्राउ परेका छन् जसले खुल्ला ठाउँमा एकै दिनमा पटक(पटक दिसा गरे । यो नेपालको घटना होइन, अष्ट्रेलियाको हो । एउटै बाटोमा ३० पटक दिसापिसाब गरेको आरोपमा अष्ट्रेलियाका एक व्यवसायी पक्राउ परेका छन् । ब्रिसबेनका चर्चित व्यवसायी ६४ वर्षका एन्ड्रु डग्लस म्याकिन्टोस अन्ततः सार्वजनिक स्थानमा पटक(पटक दिसा गर्ने गरेको खुलासा भएसँगै पक्राउ परे ।

खुल्ला ठाउँमा दिनहुं मान्छेको दिसा भेटिन थालेपछि स्थानीय मानिसहरु मिलेर खोजी गरे । अन्ततः म्याकिन्टोसले बाटोमै दिसा गरिरहेको अवस्थामा रंगेहात फेला पार्न सफल भए । बाटोमा दिसा गरिरहेको बेलाको उनको तस्वीर क्यामरामा कैद भयो । यी चर्चित धनाढ्यले घरमा ट्वाइलेट नभएर बाटोमा गएर दिनदिनै दिसा गरेका त होइनन् अवश्य । आखिर उनी किन यसो गर्दछन् ? यस बारेमा मानिसहरुले निकै चासो व्यक्त गरेका छन् । वैज्ञानिकहरुका अनुसार कुनैपनि मानिसमा सार्वजनिक स्थानमा दिसापिसाब गर्ने बानी नै हुन्छ ।

### महँगो ब्याग

एउटा ब्यागको मूल्य कतिसम्म पर्ला ? बेलायतमा एउटा मामुली ब्याग २ करोड ३३ लाख रुपैयाँ बराबरको मूल्यमा बिक्री भएको छ । लण्डनमा आयोजित लिलामीका क्रममा १० वर्ष पुरानो हर्मेस बर्किन ब्राण्डको ब्याग २ लाख १७ हजार १ सय ४४ डलरमा बिकेको हो । यो सँगै यस ब्यागले सबैभन्दा महंगो युरोपेली



ब्यागको कीर्तिमान पनि राखेको छ ।

१८ क्यारेट ह्वाइट गोल्ड तथा हिरा जडित लकयुक्त उक्त २००८ हिमालय बर्किन ब्यागको लिलामी युरोपमा पहिलो भएको बताइएको छ । लिलाम घर क्रिस्टीका अधिकारीका अनुसार यो ब्याग ३० सेमी चौडा छ र ओरिजिनल बर्किन ब्यागभन्दा केही सानो छ । स्मरण रहोस् किम कादार्शिन, भिक्टोरिया बेकह्याम जस्ता केही हस्तीहरुले यहीँ ब्राण्डको ब्याग बोक्ने गरेका छन् । सामान्य बर्किन ब्यागको मूल्य झण्डै १० लाख रुपैयाँबाट सुरु हुन्छ । यसको उत्पादन निकै सीमित हुने हुनाले यो ब्याग किन्न चाहनेले धेरै पहिले अर्डर गरेर लामो समय पर्खिनुपर्ने हुन्छ ।

*अनलाइन खबरबाट*

प्रेरक

## विश्वास

जर्मनीका तानाशाह एडल्फ हिटलरले मानिसहरूलाई मार्ने अनौठो उपाय सोच्न थाले । सोच्दासोच्दै उनको दिमागमा ग्यास च्याम्बरको कल्पना फुर्‍यो । एउटा मात्रै मान्छेको हत्या गर्दा खर्च बढी हुन्छ । गोली खर्च हुन्छ, चिहान घर बढ्छ । सैनिकहरूको समय खर्च हुन्छ भन्ने हिटलरको विचार थियो । मितव्ययितालाई मध्यनजर गर्दै हिटलरले ग्यास च्याम्बर निर्माण गर्न लगाए । च्याम्बरमा एकपटकमा ५ हजार मानिस अँटाउँथे । विद्युतको बटम दबाउनासाथ मानिसहरू बाफमा परिणत हुन्थे । ग्यास च्याम्बर वाष्प इन्जिन जस्तै थियो । एकैपटकमा पाँच हजार जना वाष्पिकरणको सिकार हुन्थे । हिटलरले आफ्ना सम्पूर्ण विरोधीहरूलाई ग्यास च्याम्बरमा हुलेर सिध्याएका थिए । हिटलरले विशेषतः यहुदीहरूलाई सामूहिक मृत्युदण्ड दिएका थिए । हिटलर संसारमा आर्य जाति मात्र बुद्धिमान हुन्छन् भन्ने सिद्ध गर्न चाहन्थे । यहुदीहरूलाई घृणा गर्थे उनी । हिटलरले आफ्नो शासनकालमा १ करोड यहुदीहरूलाई ग्यास च्याम्बरमा उठाएका थिए । हिटलर सबेरै उठ्थे । योगासन गर्थे । उनी शाकाहारी थिए । मदिरा समेत पिउँदैनथे । तर पनि उनी क्रोधित स्वभावका थिए । जब मानिसहरूले हिटलर हत्यारा नभएको भन्न बाँकी राखेनन् जवाफमा हिटलरले भने- म कसरी हत्यारा हुन सक्छ ? मैले जीवनमा मेरो हातले कुनै पनि प्राणीको हत्या गरेको छैन । यदि मृत्युपछि धर्मात्माहरूले कहीँ स्थान साँच्वी पाउँछन् भने मेरा लागि पनि स्थान सुरक्षित हुनेछ ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

सुरुमा हल्लाको पछि लाग्दा दुस्ख पाइनेछ । प्रतीक्षित नतिजा उत्साहप्रद नहुन सक्छ । तापनि लगनशीलताले फाइदा दिलाउनेछ । नयाँ काम थाल्न केही समय प्रतीक्षा गर्नुहोला । मध्याह्नदेखि भौतिक साधन जुट्नाले दिगो काम प्रारम्भ हुनेछ । साहसी काम गरेर लाभ उठाउन सकिनेछ । प्रतिपक्षीहरू समेत सहयोगी बन्नेछन् । नाम, दाम र इनाम प्राप्त हुनेछ ।

### बृष

हतारमा निर्णय लिने बानीले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला । प्रक्रिया नमिल्नाले काम दोहोर्‍याउनुपर्ने हुन सक्छ । भूमि तथा पशुधनबाट लाभ मिल्नेछ । टाढिएका आफन्त नजिकिनेछन् । मध्याह्नदेखि पठनपाठनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ । सुखद् समाचारले उत्साह जगाउनेछ । पढाइलेखाइमा प्रतिभाको कदर हुनेछ ।

### मिथुन

फाइदाका लागि परिस्थितिसँग सम्झौता गर्नुपर्ने हुन सक्छ । तापनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ । रोकिएका काममा दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला । दिउँसोदेखि घरेलु काममा जुट्नुपर्ने आवश्यकता पर्न सक्छ । पहिलेका सहयोगीहरू प्रतिस्पर्धामा उत्रिन सक्छन् । ईर्ष्यालु मन भएकाहरूले सताउनेछन् । आफन्त र साथीभाइसँग सन्तुलित व्यवहार गर्नुपर्ला ।

### कर्कट

आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ । हातमा आएको रकम अरूका लागि खर्चनुपर्ला । अध्ययनमा त्यति समय दिन नसकिए पनि अभिव्यक्ति तथा लेखनकलामा निखारता आउनेछ । मध्याह्नदेखि चुनौती चिर्दै काम बनाउन सकिनेछ । द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन् । स्वास्थ्य सबल रहनेछ भने पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ ।

### सिंह

खानपानको सोखले स्वास्थ्य प्रतिकूल बन्न सक्छ । विशेष अवसरका साथ केही चुनौती पनि देखा पर्नेछन् । तर प्रयत्न गर्दा भैपरी आउने समस्या समाधान हुनेछन् । रमाइलो जमघटको आनन्द प्राप्त हुनेछ । पहिलेको सफलताले हौसला जगाउनेछ । आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । धन तथा ज्ञानको भण्डार बढ्नेछ भने जीवनशैली आनन्दमय रहनेछ ।

### कन्या

व्यवसायमा लगानी बढाउने समय छ । आकस्मिक खर्च बढ्नेछ तर आवश्यक पर्दा सरसापट वा कर्जामार्फत धन जुट्नेछ । लामो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । टाढाका साथीभाइसँग सम्पर्क बढ्नेछ । मध्याह्नदेखि मिहिनेतले आत्मविश्वास बढाउनेछ । तारिफयोग्य काम सम्पादन हुनाले प्रशंसकहरू बढ्नेछन् । पारिवारिक जमघटले मन आनन्दित हुनेछ ।

### तुला

मिहिनेत गर्दा आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । श्रमको उचित मूल्यांकन हुनेछ । लाभांश बढ्नाले ऋणमोचन हुने सम्भावना छ । मध्याह्नपछि ईर्ष्या गर्नेहरूले फसाउन सक्छन् । आफन्तहरू टाढिनेछन् । परिस्थितिवश फजुल खर्च बढ्न सक्छ । समयमा आलस्य गर्दा पछि धोका पाइनेछ । अर्थ संग्रहमा बाधा पुग्नेछ । लगनशील बन्दा नियमित काम सम्पादन हुनेछन् ।

### वृश्चिक

चुनौतीपूर्ण काममा खटिनुपर्ने समय रहेकाले अलि सावधान रहनुपर्ला । जिम्मेवारी पनि बढिरहनेछन् । तर आफ्ना कमजोरीमाथि टिप्पणी हुन सक्छ । मध्याह्नदेखि आयस्रोत बढ्नेछन् । तर श्रमको उचित मूल्यांकन भए पनि प्रतिफल हातपार्न केही समय लाग्नेछ । अरूको मुख ताक्नाले काममा पछि परिनेछ । लाभांश अरूका लागि खर्चनुपर्ने स्थिति आउन सक्छ ।

### धनु

चुनौतीहरू पन्छाउँदै चिताएको काम बनाउन सकिनेछ । रोकिएका काम सम्पादन हुनेछन् भने मिहिनेतले जिम्मेवारी पनि दिलाउनेछ । प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । समुदायको हितमा राम्रै काम गर्न सकिनेछ । कीर्तिमानी काम गर्ने समय छ । सहयोगीहरूले पनि हिम्मत दिलाउनेछन् । व्यापारमा राम्रो फाइदा हुनेछ ।

### मकर

अरूका लागि समय खर्चनुपर्ला । नयाँ काममा हात हाल्न केही समय पर्खनुहोला । परिस्थितिले चुनौतीहरू निम्त्याए पनि गोपनीयतामा विशेष ध्यान पुर्‍याउनुहोला, दिउँसोदेखि सहयोगीहरूले साथ दिनेछन् भने भाग्यले विभिन्न अवसर जुराउनेछ । काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । दाम र प्रतिष्ठा कमाउने बेला छ । नयाँ जिम्मेवारी प्राप्त हुने सम्भावना छ ।

### कुम्भ

सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ । उपहारले उत्साह जगाउनेछ । मित्रता र प्रेमको बन्धन कसिनेछ भने अतिथिको रूपमा सत्कार प्राप्त हुने समय छ । रमाइलो यात्रा हुन सक्छ । दिउँसोदेखि परिस्थिति अलि बिग्रन सक्छ । सानोतिनो समस्याले अल्झाउनेछ भने स्वास्थ्य प्रतिकूल रहनेछ । व्यवहारमा शुभचिन्तकहरूको भावना बुझ्ने चेष्टा गर्नुहोला ।

### मीन

प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ । आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । मध्याह्नपछि विभिन्न अवसर प्राप्त हुनका साथै स्थितिमा सुधार आउनेछ । मिहिनेतले दैनिकीमा परिवर्तन आउनेछ । प्रियजनसँग भेटघाट हुनका साथै आतिथ्यपूर्ण सम्मान प्राप्त हुनेछ । परिवारजनको साथले मन उत्साहित हुनेछ ।

## अब ग्यापमा फिल्म गर्ने दयाहाङको अठोट

गएको वर्षसम्म अभिनेता दयाहाङ राईका नयाँ फिल्मले हरेक महिना सिनेमा घरमा आफ्नो उपस्थिति टुटाएनन् । उनी स्वयमलाई आफू अभिनीत कुन फिल्म कहिले रिलिज हुँदैछ अत्तोपत्तो हुँदैन थियो । यसबीच पनि 'कान्छी', 'मिस्टर झोले' फिल्म गएको वर्षको हिट लिस्टमा दरिए । उनी अभिनीत पछिल्लो फिल्म 'नेप्टे' हो, जुन गएको चैत ३० गते प्रदर्शनमा आएको थियो । पछिल्लो समय उनी पैसामुखी बन्दै गएको आरोप छ । महिनैपिच्छे हलमा आफ्नो उपस्थिति जनाइराख्दा बाँकी रहेको स्टारडम पनि चौपट हुने अवस्थामा छ ।

यसैबीच, उनी अभिनीत नयाँ फिल्म 'भैरे' साउन ४ गतेबाट देशव्यापी प्रदर्शनमा आउँदैछ । 'नेप्टे' रिलिजको ठिक ४ महिनाको अन्तरमा रिलिज हुन लागेको यो फिल्मप्रति दयाहाङ स्वयम आशावादी देखिन्छन् । यसकारण पनि उनले 'भैरे' का हरेक कार्यक्रममा आफ्नो उपस्थिति जनाइरहेका छन् ।

हालैमात्र 'आप्पा' नामक फिल्मको छायांकन भ्याएका उनी अब भने केही ग्यापमा फिल्म गर्ने मनस्थितिमा छन् । लगातार फिल्म गर्नु करिअरका लागि निको नहुने देखेपछि उनी अब एक फिल्मको छायांकन पूरा गरेपछि मात्र नयाँ फिल्ममा हात हाल्ने बताउँछन् ।

चलचित्र 'भैरे' को ट्रेलर सार्वजनिक कार्यक्रममा उनलाई पत्रकारले 'फिल्म कम गर्न थाल्नुभएको हो ?' भन्दै प्रश्न गरे । जवाफमा दयाहाङले भने, 'मलाई पनि मेरा फिल्म लगातार रिलिज हुन् भन्ने लाग्दैन । ग्यापमा फिल्म गर्दा पनि कहिले काँही रिलिज भने लगातार जस्तै भइदिन्छ ।'

## "भैरे" ट्रेलर रिलिज

अभिनेता दयाहाङ राई स्टारर फिल्म 'भैरे' को अफिसियल ट्रेलर सार्वजनिक भएको छ । ट्रेलरभित्र प्रेम, रोमान्स, कमेडी र एक्सनका झलक समेटिएका छन् । यसमा दयाहाङ्गको जोडी अभिनेत्री सुरक्षा पन्तसँग बाँधिएको छ भने बुद्धि तामाङ्गले अभिनेत्री वर्षा सिवाकोटीसँग रोमान्स गरेका छन् । यसमा दया 'भैरे' को भूमिकामा छन् । साउन ४ गतेलाई प्रदर्शन मिति तय गरिएको यो फिल्मका निर्देशक एभरेष्ट सुर्य बोहरा हुन् ।

यो फिल्मको निर्माताामा प्रेम प्रसाद पौडेल र देवीमाया अधिकारी छन् । करुणाकर घिमिरे, सविता गुरुङ, यम बराल र कुमार बस्नेत फिल्मका सह(निर्माताामा छन् । नेपालय सिनेमा ईन्टरनेशनलद्वारा निर्मित तथा लेख बहादुर पुन कार्यकारी निर्माता रहेको 'भैरे' को बनिष शाहले गरेका छन् । पुरुषोत्तम प्रधानले 'भैरे' को सम्पूर्ण दृश्य खिचेका छन् । सूर्य थोक्करको द्वन्द्व रहेको यस फिल्ममा विक्रान्त बस्नेत, सुनिल थापा, अनुभव रेग्मी, कञ्चन ठकुरी, अंकित पौडेल, सयाहाङ राई, जान्वी बोहरा, जयनन्द लामा, सुरविर पण्डित, अर्जुन गुरुङ लगायतका कलाकारहरुको पनि अभिनय छ ।

## "वीरांगना" को ट्रेलर सार्वजनिक

असार २९ गतेलाई प्रदर्शन मिति तय गरिएको अभिनेता अनुप विक्रम शाही र अभिनेत्री शिल्पा पोखरेल स्टारर फिल्म 'वीरांगना' को एक्सन प्याक्ड ट्रेलर सार्वजनिक भएको छ । ट्रेलरमा शिल्पा र अनुपको एक्सन अवतार देखाइएको छ । एक्सन र रोमान्टिक अवतारमा प्रस्तुत अभिनेता पृथ्वीराज प्रसाईंलाई भने ट्रेलरमा निकै कम स्क्रिन 'स्पेस' दिइएको छ । यसमा घोडा र बाँदर पनि प्रयोग गरिएको छ । पहिलो पटक शिल्पा र अनुपले स्क्रिन साझेदारी गरेका कारण यो फिल्मप्रति दर्शकमा चासो केही माथी देखिएको छ ।

प्रज्वल गिरी, शुशिल पोखरेल, ध्रुव कोईराला, प्रिया रिजाल, धिरेन शाक्य, कृष्ण शिवाकोटी, देव तामाङलगायतका कलाकारहरुको समेत अभिनय रहेको 'वीराङ्गना' लाई राजबहादुर सानेले निर्देशन गरेका हुन् । कथा पनि निर्देशक स्वयमको हो । यो फिल्म फोर्थ आई मुभिजको ब्यानरमा बाबुराम दास, श्यामबहादुर थापा, रघु परियार, देव तामाङ र बिमला भट्टले संयूक्त रुपमा निर्माण गरेका हुन् । यसमा सुमी चामलिङ राई सहनिर्माता रहेकी छिन् । फिल्ममा दिपक शर्मा र पुरुषोत्तम न्यौपानेको संगीत, कविराज गहतराज र सुरेन्द्र बसेलको कोरियोग्राफी, श्री श्रेष्ठको द्वन्द्व निर्देशन तथा हरि घले लामा र रामेश्वर कार्कीको छायांकन छ ।

## आँचल भिडियोमा व्यस्त

नायिका आँचल शर्मा चलचित्र भन्दा म्युजिक भिडियोमा बढी व्यस्त छिन् । हालै मात्र शिव परियारको आवाजमा रहेको गीत 'मंगली'को भिडियो सार्वजनिक भएको छ । विकास सुवेदी निर्देशित भिडियोमा आँचल शर्मा र सुशान्त खत्री फिचर्ड छन् । सुशान्त यसकारण पनि चर्चामा छन् जसले भारतीय डान्स रियालिटी शो 'डान्स प्लस २'मा बलिउडका स्टार सलमान खान र कट्रिना कैफको अगाडि नृत्य गरेर चर्चामा आएका थिए ।

गीतमा शंकर थापा 'स्माईल'को संगीत तथा प्रह्लाद शाहका शब्द छन् । पछिल्लो समयमा थुप्रै चर्चित गीतहरु बजारमा ल्याईरहेको डश म्यूजिकले व्यबस्थापन गरेको गीतका प्रस्तोता गीतकार प्रह्लाद शाह हुन् । गीतका संगीत संयोजक उदयराज पौडेल हुन् । भिडियोमा छायांकन अनिल के. मानन्धरको रहेको छ भने सम्पादन सुप्रिम पराजुली हुन् ।

*(एजेन्सीहरुबाट)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Ovoid = अण्डाकार He has got a ovoid shape head (उसको टाउको अण्डाकार छ)

Phlegmatic = सजिलै विचलित वा नर्भस नहुने । शान्त Especially nurses are phlegmatic in their dealing (नर्सहरूको सजिलै विचलित हुने स्वभाव हुँदैन)

Querulous = असन्तोषी She is by nature querulous (तिनी स्वभावैले असन्तोषी छिन्)

Reprobate=अनैतिक।सिद्धान्तहीन No one had believed that persons like Madhav could be a reprobate in course of time (समयको दौरानमा माधव जस्ता व्यक्ति पनि अनैतिक र सिद्धान्तहीन होलान् भनेर कसैले सोचेको थिएन)

Secrete=पैदा गर्नु । निकाल्नु । उत्पादन गर्नु The kidneys secrete urine (मृगौलाले पिसाब उत्पादन गर्दछ)

Tyro = सिकारु Despite his being tyro, he produced the best result (सिकारु नै भए पनि उसको ज्यादै राम्रो नतिजा प्राप्त गर्‍यो)

Uproarious=उत्तेजक।हल्लापूर्ण The comedy presented by him is more uproarious than sataric (उसले प्रस्तुत गर्ने हास्य व्यंग्यात्मकभन्दा पनि हल्लापूर्ण हुन्छ)

Vixen = रिसाहा आइमाई He annoyes if someone calls her mother a vixen (कसैले उसको आमालाई रिसाहा आइमाई भन्यो भने ऊ रिसाउँछ)

Waffle = अनावश्यक रुपबाट बढाइचढाइ लेख्नु वा भन्नु Ha waffled for entire hours but no listened him (ऊ घन्टौं फलाकिरह्यो तर कसैले पनि उसलाई ध्यान दिएन)

Xenophobia = विदेशीप्रति घृणा वा डर हुनु Previously she had xenophobia for Africans but later she made a negro friend (सुरुमा अफ्रिकन भनेपछि डराउने तिनी पछि त एउटा कालेलाई नै साथी बनाइन्)

## सामान्य ज्ञान (प्रश्नोत्तर)

उदयपुर सिमेन्ट कारखाना कसको सहायतामा निर्माण भएको हो ?
- जापान सरकारको

बिजुली उत्पन्न गर्ने माछा विद्युत रेको क्षमता कति भोल्ट हुन्छ ?
- ४ भोल्ट

एमबीए प्रथम श्रेणीमा पास गर्ने प्रथम नेपाली महिला को हुन् ?
- श्रीमती राधा बराल

प्रथम टाइपिस्ट नेपाली महिला को हुन् ?
- ज्ञानु सिंह

हेटौंडा काठमाडौं रोपले लाइन कति सालमा बनेको हो ?
- २००४ साल

पशुपतिमा भट्ट पुजारी राख्ने चलन कसले चलाएका हुन् ?
- यक्ष मल्ल

मोतीराम युवा पुरस्कार पाउने प्रथम व्यक्ति को हुन् ?
- दैवज्ञराज न्यौपाने

पचलीभैरवको जात्रा कति वर्षमा हुन्छ ?
- १२ वर्ष

विश्वको कुन देश शोक दिवसमा राष्ट्रिय झन्डा झुकाउँदैन ?
- साउदी अरब

विश्वको करिब एक हजार भाषा जान्ने साधुको नाम के हो ?
- तरिम साधु भारतको बद्री नाथ

जेट विमानभन्दा ठूलो वेगमा उड्ने झिँगाको नाम के हो र कहाँ पाइन्छ ?
- वोट फ्लाई गति ८१८ माइल प्र.घ.

रातो नुन कहाँ पाइन्छ ?
- मोरक्को

फूल तथा बिज उत्पन्न गर्ने बिरूवाको वैज्ञानिक नाम के हो ?
- फैनेरोगेन्स

मैनबत्तीको रूख कुन देशमा छ ?
- अफ्रिका

किरा फट्यांग्रा खाने रूख कुन देशमा छ ?
- अमेरिका, कोबरा नामको रूख

## Go बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Go beyond something=सोचेभन्दा बढी जानु The sales this year has gone beyond our expectation यो वर्षको बिक्री हामीले सोचेभन्दा बढी भएको छ ?

Go by = बित्नु As time goes by, memory also fades समय बित्दै जाँदा स्मरण पनि पातलो हुँदै जान्छ ।

Go by something= निर्देशित हुनु Everyone filing complaint must go by what the advocate says मुद्दामामिला गर्नेहरु वकिलबाट निर्देशित हुनैपर्छ ।

Go down = डुब्नु Hundreds dies when the ship went down जहाज डुब्नुको कारण सयौंले आफ्नो ज्यान गुमाए ।

Go down from = दिक्षित हुनु She went down from this university in 1990 उनी १९९० मा नै यो विश्वविद्यालयबाट दिक्षित भएकी हुन् ।

Go down in something = लिपिबद्ध हुनु All what you have said has gone down in my notebook तिमीले भनेको सबै कुरा मेरो नोटबुकमा लिपिबद्ध भएका छन् ।

Go down to somebody = हार्नु Ramesh might go down to Hari in today's match आजको प्रतियोगितामा रमेश हरीसँग हार्न सक्छ ।

Go down to = झर्नु This week we will not go down to Kathmandu यो हप्ता हामी काठमाडौंतिर झर्दैनौं ।

Go for somebody = लागू हुनु My advice to him goes for you too. मैले उसलाई दिएको सल्लाह तिम्रो हकमा पनि लागू हुन्छ ।

Go in = भित्र पस्नु As the sun goes in, it becomes cool सूर्य बादलभित्र पस्दा शीतल हुन्छ ।

## सुडोकु-अंक १०७

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ९ | | | | | |
| ७ | | | | | | ३ | | ९ |
| ३ | | ४ | | ६ | ५ | | | |
| | ७ | | | | | ९ | | ५ |
| ४ | | | ५ | ८ | ६ | | | २ |
| ५ | | २ | | | | | ३ | |
| | | | ४ | ७ | | २ | | ८ |
| ९ | | ६ | | | | | | ३ |
| | | | | ५ | | | | |

## अंक १०६ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | ३ | ४ | ७ | १ | ९ | ८ | ६ | २ |
| ७ | १ | ८ | ६ | ५ | २ | ९ | ३ | ४ |
| २ | ९ | ६ | ४ | ३ | ८ | १ | ५ | ७ |
| १ | २ | ७ | ९ | ६ | ३ | ५ | ४ | ८ |
| ६ | ८ | ३ | १ | ४ | ५ | २ | ७ | ९ |
| ४ | ५ | ९ | २ | ८ | ७ | ६ | १ | ३ |
| ९ | ७ | ५ | ३ | २ | ६ | ४ | ८ | १ |
| ८ | ४ | २ | ५ | ७ | १ | ३ | ९ | ६ |
| ३ | ६ | १ | ८ | ९ | ४ | ७ | २ | ५ |

# अनुगमनमा बाल विकास समाज










## नगर भित्र रहेका ईट्टा उद्योगहरूमा बालश्रमिकको अवस्था सम्बन्धी अनुगमन कार्यक्रम

सुर्यविनायक नगरपालिका भित्रका स्थानीय व्यक्तिहरुको उपस्थितिमा निर्देशिका बमोजिम १७ सदस्यीय नगर स्तरीय बाल संरक्षण तथा सम्बर्द्धन समिति, सुर्यविनायक, भक्तपुर गठन कार्यक्रम पश्चात नगर भित्र बालबालिकाको हक अधिकार सुनिश्चित गर्दै बाल अधिकार प्रर्वद्धनका कार्यहरु भईरहेको छ । यसै सिलसिलामा यस समितिको यस समितिका संयोजक तथा नगर कार्यपालिका सदस्य श्री दिपक विसुङ्केज्यूको अध्यक्षतामा बसेको बैठकको निर्णय अनुसार नगर भित्रका ईट्टा उद्योगहरुमा बालश्रमिकको अवस्था जानकारी लिनको लागि अनुगमन गर्ने भनिएकोमा मिति २०७४ साल चैत्र ६ र ७ गतेका दिन सुर्यविनायक नगरपालिका वडा नं. ४ (दधिकोट), वडा नं. ८ (सिपाडोल), वडा नं. ९ (नंखेल), वडा नं. १० (चित्तपोल) मा रहेका रहेका केहि ईट्टा उद्योगहरुमा अनुगमन कार्य सम्पन्न भयो । अनुगमनमा समितिको संयोजक दिपक विसुङ्के, सदस्य सचिव दिपेश विसुङ्के, सदस्य श्रीकृष्ण थापा वडा नं ४ दधिकोटका वडा अध्यक्ष उत्तम थापा, वडा सदस्य गीता देउजा, प्रहरी प्रतिनिधि आदिको सहभागीता रहको थियो । जसमा सुर्यविनायक नगरपालिका४, दधिकोटको दक्षिण बाराही ईट्टा उद्योग, सुर्यविनायक नगरपालिका८, सिपाडोलको महेश्वरी ईट्टा उद्योग, सुर्यविनायक नगरपालिका९, नंखेलको जि.जे ईट्टा उद्योग, सुर्यविनायक नगरपालिका९, नंखेलको नन्दिकिशोर ईट्टा उद्योगको सुर्यविनायक नगरपालिका१०, चित्तपोलको श्री कादम्बिनी ईट्टा उद्योग गरी ५ वट ईट्टा उद्योगमा अनुगमन भएका थियो । जसमा दुई वटा बालश्रम (जि.जे र नन्दिकिशोर ईट्टा उद्योग) मुक्त उद्योगहरुमा भने बालश्रम प्रयोग नभएको पाइयो । तर्सथ अनुगमनमा रहेका टोलीले बालबालिकाहरुलाई श्रममा नराख्ने बालबालिकाहरुको शिक्षा, स्वास्थ्य, बसाई, संरक्षण आदि कुरामा तत्काल सुधार गर्न अनुरोध गरियो । तसर्थ यस किसिमको अनुगमन कार्यले ईट्टा उद्योग व्यवसायीहरुलाई दबाब पर्ने हुदाँ यस कार्यलाई निरन्तरता दिई राखेमा राम्रो देखिन्छ ।

## किशोरकिशोरीहरूलाई जीवनोपयोगी सीप तालिम



बाल विकास समाज र सुरेन्द्र ढकाल प्रतिष्ठानको संयुक्त प्रयासमा सञ्चालित विद्यालय युवा सशक्तिकरण कार्यक्रम अन्तर्गत जनकल्याण उच्च माद्यामिक विद्यालयका किशोरकिशोरीहरुका लागि सञ्चालन भइ रहेको जिवन उपयोगी सीप तालिमको सातौ हप्ता सम्पन्न भएको छ । उक्त तालिममा समालोचनात्मक सोचाइका बारेमा छलफल भएको हो । तालिममा सहभागी भएका किशोरकिशोरीहरुले सृजनात्मक सोचाइका बारेमा सिक्न पाउदा खुशी लागेको कुरा बताएका थिए । तालिममा जीवन उपयोगी सीपका १० वटा विषयका बारेमा हरेक हप्ताको शनीबार छलफल गरिन्छ । यसबाट सहभागीहरुलाई जीवन उपयोगी सीपका बारेमा थाहा पाउनुका साथै आफ्नो दैनिक जीवनमा सिकेका कुरालाई कसरी लागू गर्दै लाने भन्ने सम्बन्धमा पनि उपायहरु सिकाउनु उनीहरुका लागि महत्वपूर्ण हुन्छ । यसैले सहभागीहरुलाई हरेक विषयमा ३ देखि ४ घन्टा छलफल गराइन्छ । विद्यालयको समन्वयमा सन्चालित यो तालिमले किशोरकिशोरीहरुलाई सकरात्मक परिवर्तनको मार्ग देखाएको छ । यस तालिमबाट सहभागीहरुले नकरात्मक र सकरात्मक विचार वा सोचाइलाई मिलाएर वा विश्लेषण गरेर अगाडी बढने उपायहरु सिकेका छन् । किशोरावस्थामा आउने विविध समस्याहरुलाई निराकरण गर्नका लागि यस तालिमले किशोरकिशोरीहरुलाई थप चेतनसिल बनाउने हुनाले पनि यो तालिमको महत्व रहेको छ ।



## निबन्ध प्रतियोगिता काभ्रे

इँटाभट्टामा कार्यरत बालबालिकाहरुको संरक्षण परियोजना अन्तर्गत काभ्रे जिल्लास्थित रोसी गाँउपालिकामा बालबालिकाहरुलागि निबन्ध प्रतियोगिता सम्पन्न भयो । उक्त प्रतियोगिता बालक्लवको आयोजना तथा विद्यालयको समन्वयमा सम्पन्न भएको हो । बालश्रम विषयक निबन्ध प्रतियागितामा विनिता गौतम प्रथम, सरिता न्यौपाने द्धितीय र इन्द्र वि क सान्तवना स्थान हासिल गर्न सफल भएका थिए । प्रथम, द्धितीय र सान्तवना हुने बालबालिकाहरुका लागि पुरस्कार समेत वितरण गरिएको थियो । त्यसैगरी काभ्रेकै रोसी गाउपालिकामा रहेका बालक्लवका सदस्यहरुलाई जीवनोपयियोगी सीप तालिमको बारेमा छलफल गराइएको थियो र यस छलफलबाट पनि सहभागीहरुले धेरै कुराहरु सिकेको छन् । यस किसिमका कार्यक्रमले बालबालिकाहरुलाई क्षमता अभिवृद्धिका लागि थप सहयोग पुग्ने देखिन्छ ।

**गाविन्द वि क**

## देवकोटाको...

निधनको खबरले हामीलाई स्तब्ध बनाएको छ । डा. उपेन्द्र देवकोटा जनहितकारी डाक्टर मात्र नभएर प्रतिष्ठित जनपक्षीय राष्ट्रवादी ब्यक्तित्व समेत हुनुहुन्थ्यो । वहाँले जीवन पर्यन्त स्वास्थ्य सेवामा पु¥याउनु भएको अमूल्य योगदान र अन्तिम उपचार प्राप्तिको लागि विदेशमा जान सकिने भए पनि स्वदेशमै उपचार र देहत्याग गर्ने वहाँको अनुकरणीय देशभक्तिपूर्ण भावनाको हामी उच्च कदर गर्दछौं । डा. देवकोटाको निधनले मुलुकले एउटा उच्च योग्यतम स्नायुरोग विशेषज्ञ गुमाएको छ । वहाँको निधनबाट हाम्रो पार्टी नेकपा (माले) को नेतृत्व र पार्टी-पङ्क्ति दु:खी छ । नेकपा (माले) डा. उपेन्द्र देवकोटाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नुका साथै शोकसन्तप्त वहाँकी श्रीमती डा. मधु दिक्षित देवकोटा, छोरीहरु मेघा, बसुधा र मञ्जरीका साथै समस्त परिवारजन तथा आफन्तजनमा गहिरो समवेदना प्रकट गर्दछ ।

## सहकार्यको...

सवालहरुमा गरिंदै आएको सहकार्यलाई निरंतरता दिने, महत्वपूर्ण राष्ट्रिय मुद्दाहरुमा थप सहमति कायम गर्दै अघि बढ्ने र रणनीतिक महत्वका बिषयहरुमा बहस, छलफल तथा अन्तर्कृया गर्दै जाने समेत सहमति भएको छ । काठमाण्डौमा सम्पन्न वार्तामा दुवै पार्टीबीच नयाँ जनवाद पक्षधर अन्य कम्युनिष्ट पार्टीहरुसंग साझा विषयहरूमा सहकार्य गर्न वार्ता गर्ने सहमति पनि भएको छ ।

## ओलीले...

चीनको मुख्य भूमिसम्मको कनेक्टिभिटीले व्यापार तथा पारवहन सन्धिमार्फत नेपालले पाउने चिनियाँ बन्दरगाहसम्मको पहुँच मात्र नेपालको तेस्रो देशको व्यापारमा समेत भारतको अप्रत्यक्ष नियन्त्रण समाप्त हुनेछ ।

चीन र नेपालबीच परियोजनामा सम्झौता भएको छ । चिनियाँ कम्पनी र नेपाली निजी क्षेत्रबीच करिब १ खर्ब ८० अर्ब रुपैयाँ लागतमा कुल ८ सय ७९ मेगावाट क्षमताका चार आयोजनामा संयुक्त लगानी गर्ने लिखित सम्झौता भएको छ । चिनियाँ कम्पनीले ६ सय मेगावाट क्षमताको माथिल्लो मर्स्याङ्दी, १ सय ६४ मेगावाटको कालीगण्डकी गर्ज, ७५ मेगावाटको त्रिशुली गल्छी र ४०.२७ मेगावाटको सिउटी न्यावी जलविद्युत् आयोजना नेपाली साझेदारसँग मिलेर निर्माण गर्नेछन् । चिनियाँ कम्पनी र बुटवल पावर कम्पनीबीच माथिल्लो मर्स्याङ्दी-२ जलविद्युत आयोजना निर्माणका लागि फ्रेमवर्क एग्रिमेन्ट भएको छ । माथिल्लो मर्स्याङ्दी-२ को लाइसेन्स लिएर भारतीय कम्पनी जीएमआरले अध्ययन कार्य अघि बढाइरहेको थियो । सो कम्पनीले लगानी जुटाउन नसकेपछि उक्त आयोजनाको लाइसेन्स बुटवल पावर कम्पनीले खरिद गरेको थियो । बुटवल पावर कम्पनीका अध्यक्ष पद्मज्योति र सिचुवान इन्भेस्टमेन्ट ग्रुप, सिङ चेन इन्टरनेसनल इन्भेस्टमेन्ट कम्पनी लि. र क्युवाइसीबीच माथिल्लो मर्स्याङ्दी-२ आयोजना निर्माणमा सम्झौता भएको छ । चिनियाँ कम्पनीले १ सय ६४ मेगावाट क्षमताको कालीगण्डकी गर्ज जलविद्युत आयोजनामा लगानी गर्ने भएको छ । हाइड्रो सोलुसनका प्रमुख ज्ञानेन्द्रलाल प्रधान र युनान सिन्हवा वाटर कन्जरमेन्सी एन्ड हाइड्रोपावर इन्भेस्टमेन्ट कम्पनीबीच उक्त आयोजना निर्माणका लागि सम्झौता भएको छ । ७५ मेगावाट क्षमताको त्रिशुली गण्डकी परियोजना निर्माणका लागि सिद्धकाली पावर लिमिटेडका अध्यक्ष गुरुप्रसाद न्यौपाने र तोङफाङ इलेक्ट्रिक इन्टरनेसनल कम्पनीबीच सम्झौता भएको छ । यसमा चिनियाँ कम्पनीले १० अर्ब २९ करोड रुपैयाँ लगानी गर्नेछ । यसको कुल लागत १४ अर्ब ७० करोड रुपैयाँ छ । स्वतन्त्र ऊर्जा उत्पादन संस्था इपानका अध्यक्ष शैलेन्द्र गुरागाई र चाइना नेसनल इलेक्ट्रिक इन्जिनियरिङ कम्पनीबीच ४०.२७ मेगावाट क्षमताको सिउरी न्यादी जलविद्युत् आयोजना निर्माणका लागि समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत महाप्रसाद अधिकारी र हुवासिन सिमेन्टका तर्फबाट उपाध्यक्ष सुकाङले दैनिक ३ हजार मेट्रिक टन सिमेन्ट उत्पादन गर्न हुवासिन सिमेन्ट उद्योग स्थापना गर्न हस्ताक्षर गरेका छन् । सिमेन्ट उद्योगमा हुवासिनले १४ अर्ब ४० करोड लगानी गर्नेछ । यो उद्योगले एक हजार जनालाई रोजगारी दिनेछ । यसका अलावा चिनियाँ कम्पनीले नेपाली निजी क्षेत्रसितको संयुक्त लगानीमा फलफूल प्रशोधन उद्योग स्थापना गर्ने भएको छ । यसका लागि उद्योग वाणिज्य महासंघकी अध्यक्ष भवानी राणा र चिनियाँ लगानीकर्ताबीच गुइझाओका तर्फबाट झाङजाओले हस्ताक्षर गरेका छन् । राणा फोर्टुना इन्भेस्टमेन्ट प्राइभेट लिमिटेडकी अध्यक्ष हुन् भने जाओ गुइ झाओ म्यारिटाइम सिल्करोड इन्टरनेसनल इन्भेस्टमेन्ट कर्पोरेसनका तर्फका हुन् । करिब ५ अर्ब रुपैयाँमा नेपालमा हाइल्यान्ड फुडपार्क स्थापना गरिनेछ । जहाँ विभिन्न प्रकारका फलफूल र तरकारी उपलब्ध हुनेछन् । नेपाली पश्मिना व्यवसायी दुर्गाविक्रम थापा र चितियाँ अन्तर्राष्ट्रिय व्यापार परियोजनाका अध्यक्ष शुयाले नेपाली पश्मिनालाई चिनियाँ बजारमा विस्तार गर्न २ लाखदेखि ५ लाख थान पश्मिना खरिदका लागि समझदारी पत्रमा हस्ताक्षर गरेका छन् । पूर्वी तराईको सिंचाइलाई व्यवस्थित गर्न बिरिङ, कमला, कन्काई नदी सिंचाइ परियोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार पार्नेसम्बन्धी समझदारी पत्रमा ऊर्जा जलस्रोत तथा सिंचाईं मन्त्रालयका सहसचिव दिनेशकुमार घिमिरे र चाइना कम्युनिकेसन कम्पनीका डेपुटी जनरल म्यानेजर लिउनोङ छानले हस्ताक्षर गरेका छन् । नेपाल र चीनबीच ४ सय केभी अन्तरदेशीय प्रसारण लाइन निर्माण गर्नेसम्बन्धी द्विपक्षीय सम्झौता भएको छ । नेपाल विद्युत प्राधिकरण र स्टेटग्रिड कर्पोरेसन अफ चाइनाबीच सम्झौता पत्रमा हस्ताक्षर भएको छ । सीमापार विद्युत आदानप्रदानका लागि प्रसारण लाइन निर्माण गरिने भएको छ र रसुवागढी केरुङ नाकामा दुवैतर्फ यसअघि नै प्रसारण लाइन निर्माणसम्बन्धी प्रारम्भिक अध्ययन सम्पन्न भइसकेको छ । धादिङको गल्छीदेखि केरुङसम्म प्रसारण लाइन निर्माण गर्न अन्तिम सर्वेक्षणको काम भइरहेको छ । चीनले नेपालको ऊर्जा क्षेत्रमा लगानी बढाउँदै गएको छ । प्रधानमन्त्री ओली यतिबेला ६ दिने चीन भ्रमणमा छन् । उनले चिनियाँ रेल त ल्याउने भए तर चिनियाँ तेल भने आउने छाँट छैन । तेलमाथिको भारतीय परनिर्भरता भने यथावत रहेको छ । भारतले कुनै पनि बहानामा फेरि नाकाबन्दी गरेर नेपालीलाई दु:ख दिने बाटो भने ओलीले मेटाउन सकेनन् । उनी आइतबार काठमाडौं फर्किनेछन् ।

## भारतलाई...

रेल गुड्नेछ । दोस्रो चरणमा चिनियाँ सहयोगमै मुल्तन, हैदरावाद रेलमार्ग निर्माण हुँदैछ । तेस्रो चरणमा हैदरावाद कराँची खण्डको रेलमार्ग समेत निर्माण हुनेछ ।

पाकिस्तानको हिमाली क्षेत्रमा समेत रेल कुदाउने पाकिस्तानी सपना चिनियाँ सहयोगमा पूरा हुन लागेको छ । सीपीइसी कोरिडोरको यो नै महत्वपूर्ण सफलताका रुपमा हेरिएको छ । यो रेलमार्ग चीनले नै निर्माण गरिरहेको कराँची गुदर बन्दरगाह समेतलाई जोड्नेछ । पाकिस्तानको अर्थतन्त्र उकास्न चीनले दुई विशाल बन्दरगाह समेत बनाइरहेको छ । ती बन्दरगाह सन् २०३० सम्म पूर्ण क्षमतामा सञ्चालनमा ल्याउने चीन पाकिस्तान संयुक्त योजना रहेको छ । रेलमार्ग विस्तारका लागि ५ अर्ब अमेरिकी डलर चीनले खर्च गर्दैछ । कराँची पेसावर रेलमार्ग अर्थात् कुल १ हजार ६ सय ८७ किलोमिटर लामो रहेको छ । सो रेलमार्गको काम सन् २०२१ भित्र सकिनेछ । पाकिस्तानमा रेलमार्गबाट वार्षिक ४८० मिलियन आम्दानी हुनेछ । एउटा मध्यम र अर्को द्रूत गतिको रेलमार्ग बनिरहेका छन् । चीनको सहयोगमा निर्माण भइरहेको कोटरी अत्तोक दोस्रो रेलमार्गलाई सुन्तला रंग नाम दिइएको छ । यो १ हजार २५४ किमी लामो छ ।

संसारभर नै भौतिक पूर्वाधार निर्माणमा चिनियाँ सहयोग र लगानी एकपछि अर्को गर्दै बढ्दै गएको छ । चीनले पाकिस्तानमा नयाँ रेल सञ्जाल स्थापना गरिदिएर पाकिस्तानलाई आर्थिक रुपमा झनै मजबुत बनाउँदै छ । ६८२ किलोमिटर लामो खुन्जेरब रेलमार्गले चीन र पाकिस्तानलाई जोड्दैछ । यो रेलमार्ग हाल सञ्चालनमा रहेको काराकोलम राजमार्गको समानान्तर रुपमा निर्माण हुँदैछ । खुन्जेरव रेलमार्ग सन् २०३० मा सम्पन्न हुनेछ । सो रेलमार्गको लागत १२ अर्ब डलर रहेको छ । चाइना पाकिस्तान इकोनोमिक कोरिडोर परियोजनामा सहज आगावमन, रेलमार्ग, हवाईमार्ग यातायात प्रणालीको सुधार गर्ने लगायतका विषय समेटिएका छन् । शान्ति, विकास र आर्थिक समृद्धि नै सो परियोजनाको मूल लक्ष्य रहेको छ । सीपीइसीले विश्व अर्थतन्त्रमा उदाउँदो शक्तिको रुपमा स्थापित गराउने पाकिस्तानको विश्वास छ । रोहरी-चमन रेममार्गले कवेटालाई जोड्दैछ । लाहोरमा मेट्रो रेल्वे लाइन निर्माणका लागि सीपीइसी अन्तर्गत काम भइरहेको छ । पाकिस्तानको तीव्र आर्थिक विकासले भारत चिन्तित देखिएको छ । दक्षिण एसियामा मजबुत बन्दै गएको चिनियाँ प्रभावले भारत एक्लो बन्दै गएको छ । क्षेत्रीय प्रभुत्ववादी भारतीय मुरादलाई चीनले क्षतविक्षत बनाइदिएको छ ।

नियात्रा — खोमदत्त बराल

# बेलायतको सेरोफेरो-२५



उनलाई फिर्ता पठाएर बस स्टपमा पुग्यौ । बस स्टपमा बस आइ पुग्न केही समय लाग्यो । बेलायतमा बस समयमा नै हिड्छ । हामी कटुवालजीको पौरख फलिफापको बयान गर्दै रहँदा बस पनि आइपुग्यो । बस पार्कबाट पन्ध्र मिनेट नवित्दै वास्थान पुगिथ्यो । समय वित्दै रात गरिरिदै थियो । हामी पनि आफ्नो दिनभरीको थकावटलाई विसाउन पट्टि लाग्यौ । राती राम्ररी सुत्न नसक्नेले दिनको काममा पनि राम्ररी सम्पादन गर्न सक्दैन रे । उखान पनि हो यथार्थ पनि ।

जाने दिनको मेघा गरियो । केसिन्ङ दरवार नटिङ्ग हिल तर्फ घुम्ने धेरै दिनको चाहना निक्ष्टाराको दिन बन्यो । तर ड्रेनले विचैमा आफू जाने नसक्ने घोषणा गन्यो । आफू मुर मुरिदै टेसन बाहिर निस्कियौ । नटिङ्ग हिल जाने गाडी खोज्न छोरी एकातिर लागिन । असिम बाबु अर्कातिर । बसको निधो भयो । २७ नं को बस नटिङ्ग हिलतिर लाग्यो । विस्तारै बजारको बाटो अघि बढ्यो । असिम बाबु मावाइलमा हेरेर पुग्नु पर्ने स्थान यकिन साथ पत्ता लगाउन सक्दो रहेछन् । आफूलाई नेपाली राजदुतावासमा पुग्ने इच्छा थियो । आफू श्रीलंकामा भएकै बेलामा राजदुतावास खुलेको थियो । त्यहाँ राजदूतावास खोल्न मैनालीजी पुग्नु भएको थियो । अठाह्र वर्ष भयो नाम सायद विर्सियो कि । अर्जुन जस्तो लाग्छ । विदेश मात्रका दोश्रो पढाव डेनमार्कमा थियो । त्यति बेला डेनमार्कमा राजदूतावास खोलेको थिएन । डेनमार्कमा पनि यति वेला राजदूतावास पनि खुलेको छ । चिनेकै साथी विजयार्स राजदुत छन् क्यारे ।

बेलायतमा आएको बेला राजदूतावास हृर्न चाहना राख्नु स्वभाविक पनि थियो । खोज्दै जाँदा दूतावासहरुको लाइनमा नेपालको राजदूतावास १२ नं. को घरमा विद्यमान पाइयो । अघि बढेर भित्र पसियो । अलि अघि बढना साथ भुइ तलामा नै नाम मूसालजीलाई देखियो । अभिवादन साथ काठमाण्डौबाट आइएको । राजदूतावास पनि हेर्न मानसाय व्यक्त भयो । कोठा खोलेर भित्र आउनु भन्ने भएको इसारालाई सम्मान जाहेर गर्दै ढोका ठेल्यो । भित्र पस्न पाइयो । निज भूसालको कोठा खोज्दै पुगिाये । फेरि अभिवादन साथ हातको मिलाप भयो । अर्का एकजना मिल्ट्री स्टाचि पनि भेट भए । भुसालजीले आगन्तुक प्रतिक्षालयमा पुऱ्याए । उनी पनि केही छिन बसे । कोठा सामान्य थियो । सोफा थ्याच पसि सकेको रहेछ । नेपालको सरकार प्रशासकहरु जस्तै काम चलाउ मात्र रोनक विहिन । सुन्दरतामा ह्रास भएको । आकर्षण विहिन प्रतिक्षालय । वस्न पनि धेरै बसेर कर्मचारीको काममा बाधा पुऱ्याउन उचित भएन । हामीले हतार गरेर बाहिर सिस्कन चाहौं । भुसालजी पनि उठे । यदी तिम्रा मानिस भएमा घुमाइ दिए राम्रो त भन्ने आग्रह गरियो । तर उनले सुनेको कुरालाई बेवास्ता गरेरै ढोका खोलिदिए । हामी बाहिर निस्केर यात्रा देशका ठूला कर्मचारीलाई बाटो निर्देश गर्ने मन्दिर र मन्दिरमा विराजमान सर्वशक्तिमान देवताको दर्शनको बाटो समातौ । सिधै मन्दिरतिर गयौ ।

*क्रमश:*

## देउवा...

गरेका छन् भने रामचन्द्र पौडेल, कृष्णप्रसाद सिटौला पक्षधर सभापतिहरु सरकारको नेतृत्वमा रहँदादेखि निर्वाचनमा टिकट वितरण गर्दासम्म नेतृत्वको कमजोरीका कारण पार्टीको अवस्था कमजोर भएको भन्दै नेतृत्वमाथि खनिएका छन् ।

पार्टी सभापति देउवा भने महाधिवेशन बोलाउने पक्षमा छैनन् । विगत नेतृत्वको नजिर देखाउँदै देउवा आफ्नो कार्यकाल एक वर्ष थप गर्ने पक्षमा छन् । विधानमा सभापतिहरुको भेला बोलाउने प्रावधान छैन । यसैले देउवाले सभापतिहरुको भेलाको माग सम्बोधन गर्नैपर्ने बाध्यता छैन । तर भेला आफूले बोलाएकाले देउवा नैतिक संकटमा परेका छन् । गिरिजा र सुशील कोइराला पार्टी सभापति हुँदा एक वर्ष म्याद थपेर महाधिवेशन पर धकेलेका थिए । अहिले देउवा पनि एक वर्ष महाधिवेशन पर सार्ने तयारीमा छन् । तर उनीमाथि महाधिवेशन बोलाउन सभापतिहरुको तीव्र दबाब परेको छ । महाधिवेशन तत्काल बोलाए आफू नेतृत्वबाट फालिन सक्ने देउवालाई डर छ । पौडेल, सिटौला र कोइराला परिवार देउवाको विरोधमा छन् ।

## मैत्रीपूर्ण...

उद्घाटनअघि प्रधानमन्त्री ओलीसँग चीनका राष्ट्रिय प्रशासन सहायकमन्त्री जाओ झिदानले वार्ता गरे । सो अवसरमा उनले खेलकुदका माध्यमबाट दुई देशबीचको सम्बन्धलाई विस्तार गर्न सकिने विश्वास व्यक्त गरे । प्रधानमन्त्री ओलीले विभिन्न प्रकारका खेलकुदमा दुई देशबीच सहकार्य गर्न सकिने बताउँदै त्यसका लागि दुई देशका सम्बिन्धित निकायलाई त्यसतर्फ अघि बढाउने बताए । प्रतियोगितामा नेपाल र चीनका गरी तीन दर्जनबढी युवा सहभागी थिए । *रासस*

## विश्वकप...

'मै हुँ' भनिएका महारथीहरु उलटपुलट भइरहेका छन् । आइसल्यान्ड जो जनसंख्याको हिसाबले संसारकै सबभन्दा सानो देश (३ लाख ३० हजार बढी मात्र) ले दुई पटकको विश्वकप विजेता र ५ पटकको उपविजेता अर्जेन्टिनालाई बराबरीमा रोकेको छ ।

अफ्रिकी मुलुक सेनेगलले पोल्यान्ड जस्तो शक्तिशाली टिमलाई पराजित गरेको छ । रोडिग्रेजको कोलम्बियालाई एसियाली राष्ट्र जापानले सनसनीपूर्ण तवरले हराइदिएको छ । विश्वकपका थुप्रै हिरोहरु जिरो हुँदैछन् । नयाँ हिरोहरुको उदय हुने प्रस्ट देखिँदैछ । विश्वकप महान पर्व समेत हो । पनामाका राष्ट्रपतिले पनामाले विश्वकप खेल्ने दिन देशमा सार्वजनिक विदा दिए । ट्युनिसियालाई हराउँदा इंग्ल्यान्ड उत्सवमय बन्यो । कोलम्बियालाई हराउँदा जापानका सडकहरु खुसीले उफ्रिए । रोनाल्डोको ह्याट्रिकले पोर्चुगल खुसीले उफ्रियो । पेनाल्टी मिस गर्दा फुटबलका जादुगर मानिएका मेसी आलोचित भए । पृथ्वीको झन्डै एक चौपाइ जनसंख्याले विश्वकपलाई टिभी स्क्रिनमा नियालिरहेको छ ।

विश्वकपको नशाले नेपाललाई नछुने कुरै भएन । नेपालको विश्वकपसँग कुनै साइनो छैन । यद्यपि नेपालीहरुमा फुटबलको क्रेज भने निकै पाइन्छ । पञ्चायतकालमा दशरथ रंगशालाभित्र भागदौडमा ७० जना दर्शकहरु मारिएबाटै नेपाली दर्शकहरुको फुटबल मोह बुझ्न सकिन्छ । नेपाली फुटबलरहरुले पनि आशलाग्दो प्रदर्शन गरिरहेका छन् । म्याच फिक्सिङ गर्ने र राष्ट्रघात गर्ने फुटबलरहरुलाई अदालतले सफाइ दिए पनि नेपाली दर्शकहरुमाझ उनीहरु घृणित छन् । गणेश थापाको सदावहार नेतृत्व रहेको अखिल नेपाल फुटबल संघ भ्रष्टाचारको दलदलमा नफसेको र म्याच फिक्सिङमा सहयोगी नभएको भए नेपालले पनि विश्वकपमा पुग्ने सपना कतै पूरा गर्थ्यो कि ? अहिले एन्फामा नयाँ नेतृत्व आएको छ र त्यसले फुटबलमा नयाँ आशा पनि जगाएको छ । फुटबलप्रति नेपाली दर्शकहरुको मोह बढी नै छ ।

नेपाली दर्शकहरु विशेषत: अर्जेन्टिना, ब्राजिल, इंग्ल्यान्ड, पोर्चुगल, जर्मन र स्पेनका टिमहरुको फ्यान छन् । सन् २०१४ को विश्वकपमा नेपालमा ५० करोडको जर्सी कारोबार भएको थियो । यसपटक यो आँकडा उकालो लाग्ने अनुमान गरिएको छ । जुन देशको टिमको समर्थन गरिन्छ, तिनकै जर्सी लगाएर हिँड्ने गर्छन् नेपाली दर्शकहरु । काठमाडौंका सडकहरुमा सबभन्दा बढी अर्जेन्टिनी टिमका जर्सीहरु लगाएका नेपाली फ्यानहरु देखिएका छन् । ब्राजिल र जर्मनी टिमका जर्सीहरु पहिरिनेहरुको संख्या पनि उल्लेख्य छ । यसपटक पोर्चुगलका समर्थकहरु पनि बढेका छन् । कतिपय दर्शकहरु स्पेनको पक्षमा पनि छन् भन्ने उनीहरुको स्पेनी टिमको जर्सी पहिरनले बताउँछ । घरमा मात्र होइन, होटल, रेस्टुराँ, कटेजहरुमा रात रातमा बसेर नेपाली दर्शकहरुले टिभी स्क्रिनमा विश्वकप खेल हेरेर रोमाञ्चित भइरहेका छन् । जाँड रक्सी र मासुको कारोबार निकै बढेको बिक्रेताहरु बताउँछन् । ठूलठूला बाजीहरु ठोक्न प्रतिस्पर्धा चल्छ । गेम हेर्न सुविधा प्रदान गर्ने त्यस्ता होटल, रेस्टुराँ कटेजहरुकै बाहिरै विश्वकप खेलिरहेका ३२ वटै राष्ट्रका झन्डाहरु सजाएर राखेका छन् । कुनै दर्शकले सोध्दैन नेपालको चाहिँ झन्डा खोइ नि ? सोधे नै पनि रेडिमेड जवाफ आइहाल्छ के नेपालले विश्वकपमा भाग लिएको छ र ?

कुनै पनि देशको राष्ट्रिय झन्डा त्यो देशको पहिचान हो । झन्डाले देश बनाउँछ अनि देशले देशबासीको झल्को, उपस्थिति र प्रतिनिधित्व जनाउँछ । तर हाम्रा विश्वकप प्रेमी नेपाली दर्शकहरुमा राष्ट्रिय झन्डाको महत्व गौण देखिनु चिन्ताको विषय हो । देशमा ढाका, खाँडी कपडा उद्योगहरु संकटग्रस्त छन् । तर विश्वकप खेलिरहेका विभिन्न टिमहरुका जर्सी झल्काउँछन् नेपाली विश्वकप फुटबल दर्शकहरु ।

मेसी, रोनाल्डो, नेयमार, डियगो कोस्टा, रोडिग्रेज, स्वरेजका तस्बिर अंकित जर्सीहरु पहिरिएर विश्वकप खेलाडीझैँ बनेका छन् नेपाली फुटबल प्रेमीहरु । पहिलो चरणको खेलमा आइसल्यान्डले अर्जेन्टिनालाई बराबरीमा रोकेपछि एकजना अर्जेन्टिनी समर्थक नेपाली फुटबर प्रेमीले मेसी र अर्जेन्टिनाका नामा स्वस्ति शान्ति गराएको तस्बिर सामाजिक सञ्जालमा छायो । ती व्यक्तिले आफ्नी श्रीमती छोराछोरी सबैलाई अर्जेन्टिनी जर्सीमा सजाएर अर्जेन्टिन देश मेसी नाम खेलाडी विजयी भव मन्त्र नै उच्चारण गर्न लगाए । फोकल्यान्ड युद्धमा ब्रिटिस गोर्खाली सेनाले अर्जेन्टिनी सेनालाई हराएपछि अर्जेन्टिनीहरु गोर्खाजलाई दुश्मन ठान्छन् । गोर्खाज अर्थात नेपालीहरुलाई अर्जेन्टिनाले भिसा दिँदैन । १९८६ मा इंग्ल्यान्डलाई हराउँदै म्याराडोनाले विश्वकप ट्रफी उचालेपछि भनेका थिए- हामीले विश्वकप जित्यौं, यसमा गोर्खाहरु थिएनन् भनेका थिए । नेपाल र नेपालीलाई शत्रु ठान्ने अर्जेन्टिनाको पक्षमा नेपालीहरु किन लाग्ने ? जर्मनीले नेपालको पूर्वाधार विकासमा ठूलो सहयोग गरेको छ । तैबरु जर्मनीलाई समर्थन गर्न सुहाउँछ । एसियाली टिमका जर्सीहरु लाएको भए कमसेकम महादेशको समर्थन त हुन्छ । युरोप र ल्याटिन अमेरिकी देशहरुको जर्सी किनेर नेपाली पैसा बाहिर पठाउनु नेपाली अर्थतन्त्रका लागि समेत घातक छ । दौरा सुरुवाल टोपी लगाएर राष्ट्रिय झन्डा राखेर विश्वकप हेर्दा कसो होला ?

## हिले...

बताइन्छ । नेपालमा परेको हिले वर्षासँगै आएको माटो पहेलो रंगको देखापरेको छ । यस्तो वर्षा पश्चिम र दक्षिणी भूमध्यसागरीय प्रदेशमा साधारण मानिन्छ किनकी उत्तरी अफ्रिकामा रहेको साहारा मरुभूमी, मोरक्को र अल्जेरियामा रहेको एटलास पर्वतमा आउने आँधिको कारण उड्न गएको धुलोको कण सहितको यस्तो वर्षा हुने गर्दो रहेछ ।

यसैगरी उत्तरी अमेरिकामा रहेको मरुभूमिमा आएको हुरी बतासको कारण अमेरिकाको टेक्सास र आरिजोनामा पनि यस्तो वर्षा नियमित हुने बताइन्छ । यस्तो वर्षामा अल्कालाइन, सल्फेट, सामुद्रिक नुन सोडियम, क्लोरिन र म्याग्नेसियमको अंश पनि रहने गरेको वताइन्छ जस्को कारण रोग ब्याधी र महामारी फैलिन सक्ने खतरा भएको विज्ञहरुले बताउने गर्छन् । सन् २००० मा ग्रिसमा परेको हिले वर्षामा चेर्नोविलको रेडियो विकिरण पनि रहेको पाइएको थियो । साधारणतया मरुभूमिको धुलोबाट पर्ने हिले वर्षाले आम्लिक वर्षालाई नियन्त्रण गर्ने हुँदा कृषिको लागि फाइदाजनक हुने विज्ञहरु बताउँछन् । काठमाडौंमा परेको हिले वर्षा कतै सडक विस्तारको कारण धुलाम्मे बन्न पुगेको काठमाडौंको सडकहरु त होइनन् भन्ने प्रश्न पनि उठेको छ । यस्तो प्रश्न उठ्दा सरकारको अर्कमण्यता देखिने हुँदा सम्बन्धित सरकारी निकायले आफू जोगिन दोष जति राजस्थानको मरुभूमिमाथि थोपरेको हो भन्ने पनि उत्तिकै रहेका छन् ।

## योगको...

समेत अहिले योगसूत्रको अनुवाद गरेर यसलाई व्यवहारमा ल्याइरहेका छन् ।

योगसूत्रलाई योग र ध्यानको आधार मानिन्छ । विश्वका प्रथम योगी शिवले गरेको ध्यानको मूर्ति सबभन्दा प्राचीन मूर्ति हो । महावीर जैनको पनि ध्यानका मूर्ति पाइन्छन् । भगवान् बुद्धको ध्यान मूर्ति विश्वप्रसिद्ध नै छ । यद्यपि, योगशास्त्र भने भगवान् कृष्णको योगदान हो र उनलाई योगेश्वर भनिन्छ । उनको उपदेश गीतालाई योगशास्त्र भनिन्छ । योगसूत्रमा बताइएका अधिकांश कुरा गीतामा पनि छन् । यस प्रकार अप्रत्यक्ष रूपमा अन्तर्राष्ट्रिय योग दिवस गीताका उपदेशको सामान्य स्वीकृति पनि हो ।

### पतञ्जली योगसूत्र

पतञ्जलीले योगसूत्रमा १ सय ९५ सूत्र दिएका छन् । जसलाई उनले चार खण्डमा विभाजित गरेका छन्- १. समाधि पाद (५१ सूत्र) २. साधन पाद (५५ सूत्र) ३. विभूति पाद (५५सूत्र) ४. कैवल्यपाद (३४ सूत्र) । पतञ्जलि योगसूत्रमा योगका आठ चरणलाई अष्टांग योगका रूपमा बताइएको छ । जसअन्तर्गत यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि पर्दछन् । यिनलाई एकपछि अर्को गरेर साध्दै जाँदा जीवात्मा परमात्मासम्म पुग्छ भन्ने विश्वास पतञ्जलिको छ ।

-यम भनेको अठोट हो । यसका लागि व्यक्तिले अहिंसा, अस्तेय, सत्य, ब्रह्मचर्य र अपरिग्रह जस्ता आचरण पालन गर्नुपर्छ ।

-नियम दोस्रो खुड्किलो हो । यसभित्र शुद्धता, सन्तोष, तप, स्वाध्याय र ईश्वर प्रणिधानजस्ता पाँचवटा कुराको पालना गर्नुपर्छ ।

-आसन तेस्रो चरण हो । यम र नियम पालन गरिसकेपछि साधकले आसन साध्नुपर्छ । यसका लागि स्थिर र सुखासनमा बसेर ध्यान गर्नुपर्छ । यस चरणको ध्यानका लागि ओंकार सहायक हुन्छ ।

-प्राणायाम चौथो खुड्किलो हो । प्राणायामभित्र श्वासप्रश्वासलाई साधिन्छ । यसका अनेकौं आयाम छन् ।

-प्रत्याहार विधिमा इन्द्रियलाई इन्द्रियार्थ गराउनु पर्छ । भोगले इन्द्रिय नभोगून् बरु इन्द्रियले भोगलाई भोगून् भन्ने आशय यसमा पाइन्छ । प्रति आहार अर्थात् हाम्रो आहारको गति विपरीत हुन जाओस् भन्ने यसको आशय हुन्छ ।

-प्रत्याहारपछि योगी अन्तर्मुखी हुन थाल्छ । अनि सूक्ष्मबाट अति सूक्ष्मभित्रको शून्यमा ध्यान केन्द्रित गर्दै गर्न थाल्नुपर्छ । जसलाई धारणा भनिन्छ ।

-माथिका सबै प्रक्रिया पार गरिसकेपछि ध्यानमा पुगिन्छ । अन्तर्यामी ब्रह्ममा मन र चित्तलाई एकाग्रचित्त गराउनु नै ध्यान हो । यो क्रिया नभएर अक्रिया हो । यसअघिको प्रत्येक चरण क्रिया हुन् तर ध्यानमा पुगेपछि त्यही क्रिया अब अक्रिया हुन्छ ।

-समाधि गरेर हुने नभई माथिका सबै चरण पार गरेपछि घटित हुने कुरा हो । यो योगको लक्ष्य नै हो भने पनि हुन्छ । समाधि अवस्थामा आनन्दमय, ज्ञानमय, ज्योतिर्मय एवं शान्तिमय जुन स्वरूपमा पुगिन्छ त्यसपछि पूर्ण तृप्ति वा परमआनन्द प्राप्ति हुन्छ । यो अवस्थामा पुगिसकेपछि मानव जीवनमा केही पनि गर्न बाँकी रहँदैन । यस्तो अवस्थामा पुगेको योगी त्रिगुणातीत अर्थात् सत्व, रज र तम गुणबाट पर पुग्छ । उसका लागि केही पनि प्राप्त गर्न बाँकी रहँदैन । योगशास्त्र धार्मिक ग्रन्थ मानिन्छ तर कुनै सम्प्रदायसंग यसको सम्बन्ध छैन । यो शारीरिक योग मुद्राको शास्त्र पनि होइन । यो आत्मा र परमात्माको योगको विषय मात्र हो । तर यसमा बताइएको समाधि प्राप्तिको अधिकार आस्तिक तथा नास्तिक दुवैलाई छ ।

### योग र ध्यानको फाइदा

आज विश्वले योगको महत्व बुझ्न थालेको छ । योगलाई शारीरिक र मानसिक स्वास्थ्यका दृष्टिले महत्वपूर्ण मानिन्छ । आज यो योगाको नामले विश्वभर फैलिएको छ र थुप्रैले यसबाट लाभ लिइरहेका छन् । योग र ध्यानबाट निम्नलिखित फाइदा प्राप्त हुने कुरा आधुनिक चिकित्सापद्धतिले समेत स्वीकार गरेको छ-

-शारीरिक एवं मानसिक स्वास्थ्यलाभ
-कार्यक्षमता वृद्धि
-चिन्ताबाट छुटकारा
-रोग प्रतिरोधी क्षमतामा वृद्धि
-तन, मन र आत्मा बीचको लयात्मकता
-अनावश्यक विचारबाट मुक्ति
-सकारात्मक सोचको विकास
-ऊर्जाको केन्द्रीकरणबाट आन्तरिक शक्ति सञ्चार
-आत्मज्ञान प्राप्ति

*(अनलाइन खबरबाट)*